
# लेखापरीक्षण प्रतिवेदन

## मनहरी गाउँपालिका, मकवानपुर

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## मनहरी गाउँपालिका, मकवानपुर

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/265

विषयःलेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

मनहरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

मकवानपुर।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाँउपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १५ करोड ४८ लाख ७ हजार, एकिकृत स्वास्थ्य विकास कार्यक्रमको रु ४० लाख ५८ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ४ लाख ११ हजार समेत गरी रु. १५ करोड ९२ लाख ७६ हजार समावेश गरेको छैन।

२. गाँउपालिकाको रु. १ अर्ब ७८ करोड ४० लाख १९ हजार लेखापरीक्षण गरिएकोमा रु. ४ करोड ७३ लाख १५ हजार बेरुजू देखिएको मध्ये रु. १ करोड ३८ लाख ६७ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजु रु ३ करोड ३४ लाख ४८ हजार रहेको छ ।बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू. ३९ लाख ७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९३ लाख ४७ हजार, नियमित गर्नुपर्ने रु.९० लाख ८५ हजार रहेको छ।पालिकाको गत वर्ष सम्म रु. ३१ करोड १० लाख ११ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष सम्परीक्षणबाट बेरुजू फछ्र्यौट भएको छैन । यो वर्ष रु.३ करोड ३४ लाख ४८ हजार थप भई हालसम्मको अद्यावधिक बेरुजू रु. ३४ करोड ४४ लाख ५९ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

३. गाँउपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४,१७,सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने मनहरी गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण

वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी मनहरी गाँउपालिका व्यवस्थापनमा रहेको छ। गाँउ कार्यपालिका, गाँउपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु - बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८९ | ९४ | ४,७३,१४,६४० | ० | १४ | १,३८,६६,९४७ | ० | ८९ | ८० | ३,३४,४७,६९२ | ३९,०७,२८५ | ९०,८४,५६९ | ९३,४६,८४१ | ० | ० | १,८४,३१,४१० | १,११,०९,००० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मकवानपुर | ३१,१०,११,००० | 0 | ० | ३१,१०,११,००० | 0 | ३,३४,४७,६९२ | ३४,४४,५८,६९२ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४ | समपुरक अनुदान फिर्ता | ३४,०१,२०५ |
| २ | २०८०/८१ | ५ | समपुरक अनुदानको रकम अन्य योजनामा खर्च | २,५०,७११ |
| ३ | २०८०/८१ | ६ | विभाज्य कोषको प्रतिवेदन | ३२,३३,०७५ |
| ४ | २०८०/८१ | ६८ | राजस्व संकलन | १८,४४,२१२ |
| ५ | २०८०/८१ | ९५ | म्याद नाघेको पेस्की | १,२५,००० |
| ६ | २०८०/८१ | ७८ | बढी भुक्तानी | १६,९११ |
| ७ | २०८०/८१ | ६४ | पारिश्रमिक कर | २२,१०५ |
| ८ | २०८०/८१ | ८३ | ज्यामिरे केराबारी सडक स्तरोन्नति कार्य | ४९,७३,७२८ |
| जम्मा | | | | १,३८,६६,९४७ |

# (८०३३२५०६३०० - मनहरी गाउँपालिका, मकवानपुर )

## परिचय

१ **लेखापरीक्षण**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह अस्तित्व र समन्वयलाई प्रवर्द्धन गरी स्थानीय सरकारका काम कारबाहीमा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित हुने गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ। स्थानीय शासन पद्धति सुदृढ गरी विधायकी कार्यकारणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, र समन्वय प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नगरवासीलाई गुणस्तरीय सेवा सुविधा उपलब्ध गराउने क्रियाकलापमा पालिका क्रियाशील रहेको छ। बागमती प्रदेशमा अवस्थित यस पालिकाको क्षेत्रफल १९९.५२ वर्ग किलोमिटर र जनसङ्ख्या ४८ हजार रहेको छ । यस पालिकामा ४९ जना गाउँसभा सदस्य र ९ वटा वडा रहेका छन् ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।९।१४ देखि २०८१ ।९।१७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ०, राजस्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. **०** , आय – व्ययतर्फ रु. १७८४०१८८७४, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. १७८४०१८८७४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ६५९३३१ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| नाम | बैङ्कको नाम | रकम | खाताको प्रकार | कैफियत |
|---|---|---|---|---|
| राष्ट्रिय आ वि फरिवाङ्ग | रा वा बैंक | ३०१५ | पालिका आन्तरिक | बढी निकासा |
| चेपाङ्ग मा वि | रा वा बैंक | ७२०० | | छात्रवृति |
| विनाकालिका प्रावि | रा वा बैंक | ३२०३२ | | बढी तलव |
| राजेन्द्र भट्टराई तथा मोहन श्रेष्ठ समेत | | २५५० | वेरुजु खाता २०८१।९।२४ मा | लिन नमिल्ने वैठक भत्ता |
| प्र प अ मोहन श्रेष्ठ | | २९३०० | | बढी तलव |
| विभिन्न ४० जना कर्मचारीको पारिश्रमिक कर | | ५८०१३४ | | छलफलको क्रममा विभिन्न मितिमा |
| अनन्त अर्याल समेत ३ जना | | ५१०० | २०८१।१०।१२ | अनुगमन भत्ता |
| जम्मा | | ६५९३३१ | | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय बिबरणको परीक्षण**

२.१ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) र वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ मा भएको को समग्र संचित कोषको सम्बन्धमा निम्नअनुसार देखिएको छः

मनहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मकवानपुर

कार्यालयको कोड : ८०३३२५०६३००

वित्तीय प्रतिवेदन, आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ व को कारोवार | गत आ व को कारोवार |
|---|---|---|---|
| राजस्व, अनुदान र अन्य प्राप्ति | | | |
| ११००० | कर | ७,९१,४२,४८७.३५ | २८,२६,७४,१९९.२२ |
| १३००० | अनुदान | ३७,४०,६२,४५३.८२ | ४६,०१,२७,३५३.०० |
| १४००० | अन्य राजस्व | १६,१०,८५,६५१.१४ | १६,०४,४०,२५०.३५ |
| १५००० | विविध प्राप्ति | ३,०५,२५३.५१ | २,५०,०००.०० |
| क | कुल जम्मा प्राप्ति | ६१,४५,९५,८४५.८२ | ९०,३४,९१,८०२.५७ |
| ३ | चालु | ४२,६८,१८,२४२.५८ | ४०,३३,६८,०४८.८४ |
| २१००० | पारिश्रमिक / सुविधा | १८,११,४५,९७८.०९ | १९,१०,२६,०५४.५६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १५,८७,५१,३२९.०१ | ९,९३,०४,७४५.२८ |
| २५००० | सहायता (Subsidy) | ६,६६,०९,०२२.४८ | ३,३७,३५,४२५.०० |
| २६००० | अनुदान | ६५,००,०००.०० | १६,३७,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | ९८,९३,९१५.०० | ३,०१,३६,७०९.०० |
| २८००० | अन्य खर्च | ३९,१७,९९८.०० | ४,७५,२८,११५.०० |
| ४ | पूंजीगत | ३६,५४,२४,२८३.०६ | ३०,७५,५६,६७४.०० |
| ३१११० | भवन तथा संरचना | २,६८,४७,२३९.४८ | २,५८,४२,५२१.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १,४२,६६,००४.५८ | ८३,१०,६२५.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | १,१४,९०,०३०.०० | ९५,२७,०५९.०० |
| ३११५० | सार्वजनिक निर्माण | २९,४६,३३,११४.०० | २६,२२,७४,५०९.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ०.०० | १६,०१,९६०.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | १,८१,८७,८९५.०० | ०.०० |
| ख) | कुल जम्मा भुक्तानी | ७९,२२,४२,५२५.६४ | ७१,०९,२४,७२२.८४ |
| ग) | बचत /कमी (ग = क-ख ) | (१७,७६,४६,६७९.८२) | १९,२५,६७,०७९.७३ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | (३,४१,१८,३९८.७३) | ३,०७,६८,५४९.६४ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | (१२,२५,५२०.००) | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (२१,१७,६५,०७८.५५) | २२,३३,३५,६२९.३७ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ३५,३८,३२,७०५.०२ | १५,६९,६२,२३३.१८ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १४,२०,६७,६२६.४७ | ३८,०२,९७,८६२.५५ |

२.२

**वित्तीय विवरणको यथार्थता** - स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ -२_ मा स्थानिय तहले महालेखापरीक्षकवाट स्विकृत भएवमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ । सोही प्रणालिबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । सामाजिक सुरक्षाको रु१५४८०६६४८, एकिकृत स्वास्थ्य विकास कार्यक्रमको रु४०५७९९९.५२, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु४११०७५ तथा अन्य विषयगत निकाय समेतको जम्मा रु १५९२७५७२२.५२ को सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार फरक परेको छ । एकिकृत आर्थिक विवरण र सुत्रअनुसारको प्रतिवेदनमा फरक देखिएको जिम्मेवारी अ ल्या, प्राप्ति एवं भुक्तानीको हिसाव यकिन गरी बैंक मौज्दात् को फरक परेको हिसाव यकिन गरी समायोजन गर्नुपर्दछ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गरी वित्तिय प्रतिवेदन र लेखांकनमा तोकिएअनुसारका वित्तिय विवरण र खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति यकिन गर्ने र आम्दानी खर्चमा पारदर्शिता कायम गरिनुपर्दछ ।

***एकिकृत आयव्यय विवरण***

***आ.व २०८०/८१***

***मनहरी गाउँपालिका***

| आय तर्फ | | | ब्यय तर्फ | | |
|---|---|---|---|---|---|
| सि.नं. | बिबरण | यथार्थ | सि.नं. | ब्यय बिबरण | यथार्थ |
| १ | बैंक मौज्दात | ३१८५४०००६.७० | १ | चालु खर्च | ४२६२३८६१२.५८ |
| | संचित कोषखाता | २९२२०७७९४.१९ | | आन्तरिक श्रोत | १२७४९०६५९.८० |
| | विविध कोषखाता ग ५ समुह | ४३२४९९७.०० | | नेपाल सरकार समानीकरण अनुदान | १७१७६४५.०० |
| | धरौटी खाता | २०७३७३०२.११ | | नेपाल सरकार सशर्त अनुदान | १९०९३३५२८.६७ |
| | प्रकोप ब्यबस्थापन कोष खाता ग ७ | १२६९९१३.४० | | प्रदेश सरकार समानीकरण अनुदान | ०.०० |
| | विविध खर्च खाता/कोष- बैंक (ग२-७) | ०.०० | | प्रदेश सरकार सशर्त अनुदान | १४०४२७९१.०० |
| | शुन्य पश्चात संचित कोषमा रकम फिर्ता | ०.०० | | राजस्व बाँडफाड प्रदेश सरकार तर्फ | १६५०००.०० |
| २ | राजस्व | २८११९३७२९.३२ | | राजस्व बाँडफाड संघीय सरकार तर्फ | ८२४२६३५३.११ |
| | आन्तरिक राजस्व | ३१६५३२५०.९१ | | राजस्व बाँडफाँड - स्थानीय सरकार | ९४६२६३५.०० |
| | राजस्व बाँडफाँड - स्थानीय सरकार | १२४११००००.०० | २ | पुजीगत खर्च | ३६५४१६७३२.०६ |
| | राजस्व बाँडफाँड - प्रदेश सरकार | ३२४३६७६१.९७ | | आन्तरिक श्रोत | ३४६७३००२.०० |
| | राजस्व बाँडफाँड - संघीय सरकार | ९२९१३७१६.४४ | | नेपाल सरकार समानीकरण अनुदान | १०३५६३२८५.४८ |
| ३ | संघिय सरकार अनुदान | ३१४९६३५७४.६७ | | नेपाल सरकार सशर्त अनुदान | ३३४२५०१.०० |
| | बितिय समानीकरण | १११९७२०००.०० | | नेपाल सरकार विषेश अनुदान पुँजीगत | ५११५०७९१.०० |
| | सशर्त अनुदान चालु | १९०९३३५२८.६७ | | संघ समपुरक अनुदान पुँजीगत | ३५६४७५४.०० |
| | शसर्त अनुदान पुजिगत | ३३४२५०१.०० | | प्रदेश सरकार समानीकरण अनुदान | १२०३९५८५.०० |
| | विषेश अनुदान पुँजीगत | ५११५०७९१.०० | | प्रदेश सरकार समपुरक अनुदान | १५४७१६१५.०० |
| | समपुरक अनुदान पुँजीगत | ३५६४७५४.०० | | प्रदेश सरकार सशर्त अनुदान | ४४९५९०३.०० |
| ४ | प्रदेश सरकार अनुदान | ५८०९८८७९.१५ | | प्रदेश सरकार विषेश अनुदान पुँजीगत | ५९३९३१०.०० |
| | समानिकरण अनुदान | १२४४४०००.०० | | आन्तरिक अनुदान/लागत सहभागिता | ३००३६०२.०० |
| | शसर्त अनुदान चालु | १४०४२७९१.०० | | राजस्व बाँडफाँड - स्थानीय सरकार | ११३६३८४३५.०० |
| | शसर्त अनुदान पुँजीगत | ४४९५९०३.०० | | राजस्व बाँडफाड प्रदेस सरकार तर्फ | २६१८०४३९.०० |
| | विषेश अनुदान पुँजीगत | ५९३९३१०.०० | | राजस्व बाँडफाड संघीय सरकार तर्फ | ३४३५३५०९.५८ |
| | समपुरक अनुदान पुँजीगत | १५४७१६१५.०० | ३ | स्थानीय तहबिबिध कोष खाता-ग-५ | ३५०००००.०० |
| | अन्य संस्थागत /लागत सहभागिता | ५७०५२६०.१५ | | बिबिध कोष कर्मचारी कल्याण कोष | ३५०००००.०० |
| ५ | अन्तर सरकारी अख्तियारी- संघ सरकार | १५९२७५७२२.५२ | ४ | बितिय ब्यबस्था भुक्तानी | |
| | गरिबसंग विश्वेश्वर कार्यक्रम | ०.०० | | ऋण साँवा भुक्तानी-आन्तरिक श्रोत तर्फ | ०.०० |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १५४८०६६४८.०० | ५ | अन्तरसरकारी अख्तियारी- संघ | १५९२७५७२२.५२ |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ४११०७५.०० | | गरिबसंग विश्वेश्वर कार्यक्रम | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | एकिकृत स्वास्थ्य पु. वि.का | ४०५७९९९.५२ | | सामाजिक सुरक्षा तथा संरक्षण | १५४८०६६४८.०० |
| ६ | अन्तरसरकारी अख्तियारी- प्रदेश | | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ४११०७५.०० |
| | पर्यटन तथा पुर्वाधार विकास कार्यक्रम | ०.०० | | एकिकृत स्वास्थ्य पु. वि.का. | ४०५७९९९.५२ |
| | भौतिक पुर्वाधार मन्त्रालय | ०.०० | ६ | धरौटी फिर्ता | ४४६८०१०.०० |
| ७ | विविध खर्चखाता/कोष- बैंक (ग २-७) | | | बिभिन्न व्यक्ति/संस्थाको धरौटी फिर्ता | ४४६८०१०.०० |
| | अन्यसंस्थावाट प्राप्त अनुदान | ०.०० | ७ | अन्तिम मौज्जात (बचत रकम ) | १८४७६०७२७.४९ |
| ८ | स्थानीय तह बिबिध कोष खाता-ग-५ | १५००००००.०० | | नगद मौज्जात (सानो नगदी कोष) | ०.०० |
| | बिबिध कोष खातामा निकासा आय | १५००००००.०० | | संचित कोषखाता | १२७१३७०७३.२८ |
| ९ | धरौटी आय | १०१६७८९२.२९ | | आन्तरीक राजश्व खाता | १५११४७१८.६७ |
| | बिभिन्न व्यक्ति/फर्म/संस्थाबाट | १०१६७८९२.२९ | | बाँडफाँडवाट प्राप्त राजश्व खाता | ०.०० |
| | | | | स्थानीय तह विभाज्य कोष खाता | १२४७६८४०.७४ |
| | | | | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १२६९९१३.४० |
| | | | | स्थानीय तह विविध कोष खाता | २३२४९९७.०० |
| | | | | धरौटी खाता | २६४३७१८४.४० |
| जम्मा आय रकम रु. | | ११४३६५९८०४.६५ | | जम्मा व्यय रकम | ११४३६५९८०४.६५ |

***तुलना***

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ३५३८३२७०५ | ६१४५९५८४६ | ७९२२४२५२६ | १४२०६७६२६ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३१८५४०००७ | ८२५११९७९८ | ९५८८९९०७७ | १८४७६०७२७ |
| फरक | ३५२९२६९८ | -२१०५२३९५२ | -१६६६५६५५१ | -४२६९३१०१ |

२.४ पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार मौज्दात् जिम्मेवारी रु३८५८०७५०२ रहेकोमा यस वर्ष पालिकाले सुत्रमा जम्मा रु. ३५,३८,३२,७०५ र एकिकृत आर्थिक विवरणमा रु ३१८५४०००७ मौज्दात् जिम्मेवारी सारेको छ । यसरी सुत्रमा कम जिम्मेवारी सारेको रु ३१९७४७९७ र एकिकृत आर्थिक विवरणमा कम जिम्मेवारी सारेको रु ६७२६७४९५ का सम्वन्धमा पालिकाले यकिन गरेर जिम्मेवारीको हिसावमिलान गर्नुपर्दछ ।

२.५ पालिकाले तयार गरेको आय व्यय विवरणमा आ व २०८०।८१ को मौज्दात् रु १८४७६०७२७ रहेको जनाएकोमा सोहि आर्थिक वर्षको सुत्रअनुसारको मौज्दात् रु१४,२०,६७,६२६.४७ देखिएको छ । यसरी सुत्रअनुसारको मौज्दात् र एकिकृत आयव्ययको मौज्दात् फरक परेको (सुत्रमा रु४,२६,९३,१०० कम मौज्दात् सारेको) सम्वन्धमा पालिकाले यकिन गरी हिसावमिलान गर्ने र वास्तविक वित्तिय विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२.६

सुत्र अनुसार गत वर्षको वाकि मौज्दात् रु. ३८,०२,९७,८६२.५५ रहेकोमा यस वर्ष रु. ३५,३८,३२,७०५.०२ जिम्मेवारी सारेको छ । यसरी घटि जिम्मेवारी सारेको रु.२६४६५१५७।५२ का सम्वन्धमा पालिकाले हिसावमिलान गरी यकिन गर्नुपर्दछ ।

२.७ स्थानिय तह सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (२) बमोजिम पालिकाले मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा पालिकाले पेश गरेअनुसार श्रेस्ता तथा बैंक अनुसारको मौज्दात् फरक पर्न गएकोमा उल्लेखित व्यवस्था अनुसार बैंक हिसाव तयार गरी हिसावमिलान गर्नुपर्दछ ।

| सि.नं. | खाताको किसिम | श्रेस्ता अनुसार वाँकि | बैक अनुसार वाँकि |
|---|---|---|---|
| १ | ग-१-१ आन्तरीक राजश्व खाता | १५११४७१९ | १५११४७१९ |
| २ | ग-१-२ वाँडफाँडवाट प्राप्त राजश्व खाता | ० | ० |
| ३ | ग-१-३ आन्तरिक अनुदान खाता | ० | ० |
| ४ | ग-२-२ चालु खर्च खाता / जोर वर्ष | ० | ० |
| ५ | ग-२-१ चालु खर्च खाता / विजोर वर्ष | ० | ४०६७४३० |
| ६ | ग-२-४ पुँजीगत खर्च खाता / जोर वर्ष | ० | ० |
| ७ | ग-२-3 पुँजीगत खर्च खाता / विजोर वर्ष | ० | ७६४६७१२ |
| ८ | ग-२-७ विविध खर्च खाता | ० | ० |
| ९ | ग-३ स्थानीय तह धरौटी खाता | २६४३७१८४ | २६४३७१८४ |
| १० | ग-४-१ स्थानीय तह संचित कोष खाता | १२७१३७०७३ | १२७१३७०७३ |
| ११ | ग-६-१ स्थानीय तह विभाज्य कोष खाता | १२४७६८४१ | १२४७६३४१ |
| १२ | ग-७-१ स्थानीय तह आकस्मिक कोष खाता | ० | ० |
| १३ | ग-७-२ स्थानीयतह प्रकोपब्यवस्थापन कोषखाता | १२६९९१३ | १२६९९१३ |
| १४ | ग-५-१ स्थानीय तह विविध कोष खाता | २३२४९९७ | २३२४९९७ |
| | जम्मा | १८४७६०७२७ | १९६४७४३६९ |

उल्लेखित तालिका अनुसार आर्थिक वर्षको अन्तमा श्रेस्ताअनुसार रु १८४७६०७२७ वाँकि रहेकोमा वैंकमा जम्मा रु १९६४७४३६९ मौज्दात् देखाएको छ । यसरी बैंक भन्दा श्रेस्तामा बढि मौज्दात् देखिएको रु११७१३६४२ का सम्वन्धमा पालिकाले यकिन गरी हिसावमिलान गर्नुपर्दछ ।

२.८ **आय व्यय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन १ गते देखि आगामी वर्षको आषाढ मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । यस गाउँपालिकाले सवै बैंक मौज्दात रकम आर्थिक वर्षको अन्तिम दिनको लिने गरेको छैन र आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्न गाउँपालिकाले आर्थिक नियमावली बनाई नसकेकोले संघीय कानुनलाई नै आर्थिक कार्य प्रणालीको व्यवस्थापनको आधार लिएकोले आषाढ मसान्तको मौज्दात् को आधारमा आर्थिक विवरण प्रस्तुत गर्नुपर्दछ ।

२.९ **कर दायित्व राजस्व दाखिला**

आयकर ऐन २०५८ को परिच्छेद १७ को दफा ८७, ८८ र ८९ अनुसार भुक्तानिमा कर कट्टि गर्नुपर्ने व्यवस्था छ र दफा ९०(४) अनुसार कट्टि भएको कर रकम समयमै दाखिला गर्नुपर्ने उल्लेख छ । तर पालिकाले विभिन्न शिर्षकतर्फ कट्टि गरेको कर मध्ये वर्षान्तसम्म विभिन्न भुक्तानीहरुमा कट्टी गरी दाखिला वाकी रहेको कर दायित्व २०८०।८१ मा रु.१२,२५,५२० देखिएको छ । यकिन भई सकेको उक्त कर दायित्व लेखापरीक्षण अवधिसम्म पनी दाखिला गरेको नदेखिएकोले उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,२५,५२० |

३ **NPSAS मा आधारित आर्थिक विवरण तयार नगरेको**

महालेखा नियन्त्रक कार्यालयले २०८१/४/२८ मा सवै पालिकालाई नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामानदण्ड अनुसारको वित्तीय विवरण तयार गर्न परिपत्र गरेको छ।महालेखापरीक्षकको कार्यालयबाट एकिकृत वित्तीय प्रतिवेदन तयार गर्ने प्रयोजनको लागि ढाँचा समेत स्वीकृत गरेको छ। तर सो अनुसार प्राप्ति र भुक्तानीको तुलनात्मक विवरण तथा बजेटको तुलनात्मक विवरण तयार गर्नुपर्नेमा गरेको पाइएन। पालिकाले नेप्सासमा आधारित वित्तीय विवरण तयार गर्नुपर्दछ । साथै आर्थिक विवरण सम्वन्धी सुधार गर्नुपर्ने अन्य व्यहोरा देहायबमोजिम छन् ।

(क) स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिएको छ।

(ख) लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय-व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।

४ **समपुरक अनुदान फिर्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६२८,५६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,१६२,६७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,६०९,९६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५ **समपुरक अनुदानको रकम अन्य योजनामा खर्च**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५०,७११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६ **विभाज्य कोषको प्रतिवेदन**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३,२३३,०७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ७ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो निर्देशिका तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सवल हुन नसकेकोले सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका कैफियत व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यून तम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली अनुसार वार्षिक खरिद गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले खर्चको कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमा दिएको पाइएन ।

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य योजनाको आयोजना बैंक (Project bank) स्थापना गरी कार्यान्वयनमा ल्याएको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गरी जिन्सि व्यवस्थापन अद्यावधिक गर्नु पर्नेमा गरेको पाईएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरी वडागत रुपमा बजेटको आधारमा योजना स्विकृत गरी कार्यान्वयन गर्दै आएकाले वजेट तथा कार्यक्रमको प्राथमिकिकरण हुन सकेको छैन ।

•अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम खर्चको संरचना तयार गरेको छैन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

•सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन संयन्त्र मार्फत् कार्यान्वयन भएको छैन ।

• बैठक भत्ता भुक्तानी गर्दा आमन्त्रितको संख्या निर्देशिकाले तोके भन्दा बढी समेत राखी भत्ता भुक्तानी गर्ने गरेको छ ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• शिर्षक फरक पारी वजेट खर्च लेख्ने गरेको,

• डोर हाजिर फाराम प्रमाणित नगरी भुक्तानी दिने गरेको ।

• रसिद नियन्त्रण खाता अद्यावधिक नगरेको तथा आर्थिक वर्षअनुसारका रसिद ठेलिहरु वाँकि, खर्च र आम्दानी ठेली संख्याको चेकजाँच नगरेको

• हाजिरी रजिष्टर अद्यावधिक नगरेको,

• ईन्धन खर्चको सरकारी सम्पत्ती अभिलेख प्रणाली (पाम्स) मा दाखिला रेकर्ड राख्नुपर्नेमा सो अनुरुप नगरेको

• जिन्सि निरीक्षण प्रतिवेदन सरकारी सम्पत्ति अभिलेख प्रणाली -पाम्समा नराखेको तथा जिन्सि प्रतिवेदनको कार्यान्वियन हुन नसकेको,

• वडाले खरिद गरेका सामान पाम्समा दाखिला नगरेको

• कन्टिन्जेन्सी रकमको खर्च र आम्दानी सम्वन्धमा योजनागत अभिलेख राख्नुपर्नेमा योजनागत खर्च अभिलेख नरहेको,

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाको समग्र आन्तरिक नियन्त्रण प्रणाली कमजोर मुल्यांकन भएकोले तत्काल कायम हुने गरी आन्तरिक नियन्त्रण निर्देशिका जारी गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय आन्तरिक नियन्त्रण कायम गरी सेवा प्रवाह सुदृढ बनाउनु पर्दछ ।

## ८ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले यस वर्ष ऐन, नियमावली, कार्यविधि लगायतका ३१ कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको जनाएको छ ।उक्त कानूनहरु स्थानिय राजपत्रमा प्रकाशन गरेर मात्र कार्यान्वयनमा ल्याउनु पर्दछ ।

## ९ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा न्यायीक समितिमा गत आ व मा जिम्मेवारी सारीएको अभिलेख, चालु वर्षका उजुरी फछर्यौट् तथा वाँकी समेतको अद्यावधिक विवरण पेश गरेको छैन । न्यायिक समितिलाई उजुरीको व्यवस्थापन एवं न्याय सम्पादन कार्यको लागी वार्षिक वजेट विनियोजन गरेको अवस्थामा समितिले आफ्नो समग्र कार्य सम्पादनको प्रगति विवरण तयार गर्नुपर्दछ । परेका उजुरी वारेमा अवलम्वन गरिने न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## १० पालनाको लेखापरीक्षण

१०.१ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको तर सो अनुसारका ठुला योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन योजनालाई भन्दा सालवसाली योजनाहरुलाई समावेश गरी कार्यान्वियन गर्दै आएको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरेअनुसार कामको दिगोपन रहने गरी कार्यान्वियन गर्नुपर्दछ ।

१०.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन नगरेको कारण वजेट सिमा तोकेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१०.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन नहुँदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम हुन सकेको छैन । बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१०.४ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु. ९० करोड २३ लाख ९१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना तर्जुमा अख्तियारी प्रदान लगायतका कार्यको व्यवस्थापन गरी सेवा प्रवाहमा सहजता ल्याउनुपर्दछ ।

१०.५ **अवण्डा वजेट** - स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानिय आर्थिक अवस्था समेतको आधारमा वजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार तय गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा आय व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले अध्यक्ष/उपाध्यक्ष कोष जनाई नेपाल सरकार समानीकरण अनुदान वजेटको श्रोतमा वर्गिकरण गरी अवण्डा वजेट रु.२,००,००,००० राखेर शत प्रतिशत खर्च गरेको छ । कानुनले तोकेको प्रकृया वेगर वजेटमा अवण्डा राखी खर्च गरेकोले कानुनी आधार वेगर लेखेको खर्चमा नियन्त्रण हुनुपर्दछ । आय व्ययको अनुमानमा कार्यक्रम एकपन गरी वजेट विनियोजन गर्ने र अवण्डा वजेट कायम राख्ने कार्य कानुन विपरित हुने हुँदा आय व्ययको अनुमान पेश गर्दा पदाधिकारी जिम्मेवार हुनुपर्दछ । केहि उदाहरण निम्नानुसार छन् ।

| मिति | गो भौ | विवरण | भुक्तानी |
|---|---|---|---|
| २५/०९/२०८० | १६८ | फरिवाङ खेलकुद मैदान निर्माण मनहरि छ लाई अन्तिम बिल रकम भुक्तानी | ९८३१८६ |
| १६/१०/२०८० | २१८ | मनहरी जिम क्लब स्तरउन्नती योजना मनहरी ७ को प्राविधिक मुल्यांकन अनुसार भुक्तानी | १०००००० |
| २४/१०/२०८० | २३५ | छत्र पसल चोक देखि १ नं.टोल बाटो स्तरोन्नती योजना मनहरी ६ लाई प्राविधिक मुल्यांकन अनुसार भुक्तानी | १९, ६६ , १७२ |
| २३/१२/२०८० | ३८९ | रमनटार खोल्चा कल्भर्ट निर्माण मनहरी-७ मकवानपुर लाई अन्तिम बिल रकम भुक्तानी | १३, ०० , ००० |
| ०९/०३/२०८१ | ६०८ | टासि फुनछोक छ्योइलिङ गुम्बा मनहरी-८ लाई अध्यक्ष उपाध्यक्ष कोष बाट अन्तिम बिल रकम भुक्तानी | ३२, ४७ , ५७३ |

१०.६ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा(३) अनुसार पालिकाले सभावाट स्वीकृत निति तथा कार्यक्रम, बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ। तदनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पालिकाले आर्थिक वर्ष ०८०।८१ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी विभिन्न मितिको पटके निर्णयवाट ८१ योजनाको वजेट विभिन्न टुक्रे योजनामा रु. ४,९०,६५,००० रकमान्तर गरी खर्च गरेको र आ व २०८१।८२ को वजेट पारित गर्दा विगतमा भएका कार्यपालिकाका सम्पुर्ण निर्णयहरु एकमुष्ट अनुमोदन गरेको पाईयो । यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नहुने शिर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको नियम सम्मत देखिएन । तोकिएको सिमाभित्र तोकिएको शिर्षकमा नीति तथा कार्यक्रमले तोकिएको सिमा भित्र मात्र रकमान्तर गरी वजेट कार्यान्वयन प्रकृयालाई पारदर्शि बनाउनुपर्दछ ।

१०.७ **भुक्तानी बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको वजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय वा आन्तरिक लेखापरीक्षकवाट स्विकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरेको खर्च सभावाट विनियोजन गरेको छ । यस वर्षको बजेटमा समेत गत वर्षको चालुतर्फ रु.९१,४२,३७६ र पूजिगततर्फ रु.२२४६६३१८ भुक्तानी दिन बाँकीको व्यवस्था गरी आ व २०८०।८१ मा भुक्तानी दिएको छ । आन्तरिक आय न्युन रहेका पालिकामा बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गर्ने, तथा केहि बहुवर्षे क्रमागत ठेक्काका योजनाको रकम समेत भुक्तानी वाँकिको रुपमा राख्ने प्रवृतिका कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले वर्षेनि पालिकालाई दायित्व थपिने क्रम बढ्दै गएको देखिन्छ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना नहुने गरी खर्च व्यवस्थापन गर्नु उपयुक्त हुन्छ ।

भुक्तानी वाँकीमा जम्मा रु.३२६७९९८१ व्यवस्था गरेकोमा चालु प्रकृतिका निम्नानुसारका काममा समेत रु.७० लाख ९६ हजार भुक्तानी वाँकि राखि यस वर्ष भुक्तानी गरेको पाईयो । केहि उदाहरण निम्न छन् ।

| विवरण | रकम |
|---|---|
| कर्मचारीको तलव भत्ता | ३९१०४८ |
| स्थानीय जलश्रोत समितिको बैठक भत्ता अधिकृत छैठौ शैलेश बास्कोटा | २६,०००.०० |
| महिला समन्वय समितिको बिभिन्न मितिमा बसेको बैठक भत्ता समबिनि शिला अधिकारी | ४१,०००.०० |
| दलित गांउ समन्वय समिति बैठक भत्ता ज्ञानेन्द्र ढकाल | २५,०००.०० |
| आदिवासी जनजाती समन्वय समिति बैठक भत्ता ज्ञानेन्द्र ढकाल | १०,०००.०० |
| ब्याकहो लोडर अप्रेटरको अतिरिक्त काम गरेको भत्ता अप्रेटर प्रविण कुमार ब्लोन | १०५९०० |
| अपाङ्ग सरोकार समन्वय समितिको बैठक भत्ता अधिकृत छैठौ शैलेश बास्कोटा | ३२,०००.०० |
| रजैया स्कुल टोलको राजमार्ग पहिरो सरसफाईमा प्रयोग भएको मेशीनको ईन्धन रकमबिनोद गुनी रजैया ९ | २६,०००.०० |
| वडा नं.३ को मेलमिलाप केन्द्र संचालन खर्च स क.अ. रोजिना थिङ्ग | ० |
| मदन भण्डारी आधारभुत स्वास्थ्य सस्था मनहरी ९ को घरभाडा र बिजुली खर्च दुर्गालाल श्रेष्ठ | २७,१८२.०० |
| सिसिटिभि को डोर हाजिर ज्याला रकम भुक्तानी छुट सिसिटिभि ब्यव्थापन समिति | ० |
| नागरिक आरोग्य केन्द्र बसेको मनहरी ९ घरको भाडा रकमयमुना पोखरेल | २४,५३६.०० |
| मोतीदेवी स्मृती आधारभुत स्वा.केन्द्र मनहरी ४ को बैशाख देखि आषाढ सम्म ३ महिना घरधनी कल्पना खतिवडा | १४,५२०.०० |
| करार ज्यालादारी पशु प्राविधिकको पारिश्रमिक ५ जनाको ५ जना कर्मचारीहरु | २७४९९० |
| कर संकलन सहजकर्ताहरुको पारिश्रमिक २०८० जेष्ठ आषाढ | ६८९८७५ |
| सभाहलमा जेनेरेटर जडान र अर्थिङ्ग एसि वाईरिङ्गको ज्याला सुरज कार्की | २९,९६०.०० |

यसरी तलव भत्ता तथा खाना खाजा वापतको रकम चालु प्रकृतिका काममा पहिले नै यकिन हुने भएकोले यस प्रकारको भुक्तानी वाँकी राख्नु उपयुक्त होईन । यसमा पालिकाले खर्च नियन्त्रण गरी थप दायित्व सिर्जना नहुने गरी बजेट खर्च गर्ने गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१०.८ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागितामुलक, स्थानीय स्रोत र साधन उपयोग हुने, समावेशी विकास, दिगो र वातावरण संरक्षण, भाषिक र सांस्कृतिक विकासलाई प्राथमिकतामा राखेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्दछ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार वडा र पालिकास्तरका योजनामा वजेट विनियोजन गरेकोमा निम्नानुसार ३६८ वटा योजनामा खर्च लेखेको पाईयो । विनियोजित बजेटबाट सम्पन्न भएका योजनाको विवरण निम्न बमोजिम रहेको छ।

| | रु १ लाख सम्म | रु १ लाख देखि २ लाख | २ लाखदेखि ५ लाखसम्म | ५ लाख देखि १० लाखसम्म | १०-५० लाख सम्म | ५० लाख माथि |
|---|---|---|---|---|---|---|
| वडा स्तरिय | ३६ | ७८ | १६७ | ४५ | १९ | ० |
| गा. पा. स्तरिय | ० | ० | ३ | ० | १४ | ६ |

पालिकाले वडातर्फ अधिकांश साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ, तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरणका आधारमा छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

११ **सेवा प्रवाहको अभिलेख**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार पालिका र पालिकामा रहेका ९ वडाहरुवाट सम्पादन भएको सेवा प्रवाहको अभिलेख राखि एकिकृत अभिलेख तयार गर्नुपर्नेमा पालिकाले सो अभिलेख राखेको देखिएन । पञ्जिकरणतर्फ, पूर्वाधार विकास सडक निर्माण, स्विकृत घर जग्गा नक्सा पास, अभिलेख सिफारिस लगायत पालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका सेवा प्रवाहको अद्यावधिक आकडाँ सहित पालिकाले सेवा प्रवाहको एकिकृत अभिलेख तयार नगरेकोले सेवा प्रवाहको सम्वन्धमा विश्लेषण गर्न सकिएन । गाउँपालिकाद्धारा सम्पादित कार्यवाट भएको सेवा प्रवाहको वार्षिक प्रगति विवरण अनिवार्य तयार हुनुपर्दछ । पालिकाले सेवा प्रवाहको अभिलेख अनिवार्य रुपमा अभिलेखिकरण गर्नुपर्दछ ।

१२ **वार्षिक खरिद गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति समेतको विभिन्न शीर्षक अन्तर्गत गुरुयोजनावेगर पालिका पूजिगततर्फ वार्षिक रु.३५ करोड ५४ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । निर्माण भएका संरचना खरिद ऐनले तोकेवमोजिम योजना स्विकृत गराई खरिद कार्य गर्ने गरेको छ । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी प्रतिस्पर्धी खरिद कार्य गर्नुपर्दछ ।

१३ **पदाधिकारी सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार बाग्मति प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐनको प्रथम संशोधन गरी राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भए बमोजिमको सूविधामा पालिकाले विनियोजन गरेअनुसार विभिन्न शिर्षकमा १२ महिनामा विभिन्न ८ वटा कार्यक्रम/शिर्षकमा पदाधिकारी सुविधा रु.९१४०७०६ र अन्य पटके वैठक/अनुगमन लगायतका सुविधा समेतमा थप खर्च लेखेको देखिन्छ ।

१४ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ३१६५३२५१, राजस्व बाँडफाँडवाट रु. २४९४६०४७८ र अनुदान समेत कुल जम्मा रु. ८२५११९७९८ आम्दानी भएकोमा चालु तर्फ रु. ४३०१४९६८८र पूँजिगत तर्फ रु. ३६९४७४७३२ र वित्तीय ब्यबस्था तर्फ रु. १५९२७४६५८ समेत रु. ९५८८९९०७७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा मात्र रु. ९१४०७०६खर्च भएको छ जुन आन्तरिक आयको २९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४४ प्रतिशत चालु, ३९ प्रतिशतमात्र पूँजिगत निर्माणमा र १७ प्रतिशत वित्तिय व्यवस्थामा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१५ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति (रु. हजारमा) देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ७०६१३६२०. | ५३००३९१९.९८ | ८ |
| २ | पूर्वाधार विकास | ३२८३६४०७७. | २९४६१७६६२.४८ | ४३ |
| ३ | सामाजिक विकास | २४२७१७९१९. | २०६६९३९७६.०३ | ३० |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास सेवा प्रवाह र सुशासन | १७५०१८९०. | १४६५१५२१. | २ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १३३१९०३६९. | ११७८१४२६८.५१ | १७ |
| जम्मा | | ७९२३८७८७५. | ६८६७८१३४८. | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ४३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन सबै भन्दा घटी अर्थात् २ प्रतिशत रहेको छ । पालिकाले प्राथमिकताका तोकेको आर्थिक विकासतर्फ ८ प्रतिशत र सामाजिक विकासतर्फ ३० प्रतिशत मात्र खर्च गरेकोले सामाजिक विकास तथा सुशासनका लागी आर्थिक तथा संस्थागत विकासतर्फ थप वजेट विनियोजन, लगानी तथा खर्चलाई प्राथमिकता दिनुपर्दछ ।

## १६ खर्चको स्थिति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार सुत्रमा अभिलेख भएको पालिकातर्फको पूजिगत चौमासिक खर्च विवरणअनुसार जम्मा खर्च रु.३६ करोड ५४ लाख खर्च भएकोमा प्रथम चौमासिकमा रु.१३ प्रतिशत, दोश्रो चौमासिकमा २८ प्रतिशत, तेश्रो चौमासिकमा ५९ प्रतिशत र आषाढमा मात्र रु.२६ प्रतिशत खर्च भएको पाईयो । आषाढ महिनामा मात्र २६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने, प्राविधिक जनशक्तिको अभाव हुन जाने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा आएर खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । स्विकृत कार्यक्रमअनुसार त्रैमासिक रुपमा संन्तुलीत खर्च हुने गरी कार्यक्रम स्विकृत एवं कार्यान्वयन गरिनुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | ४२६८१८२४२.५८ | १०६६३४४५३.९९ | १०४८९८६४९.४२ | २१५२८५१३९.१७ | १०२४९५१९७.७१ |
| पूँजिगत खर्चतर्फ | ३६५४२४२८३.०६ | ४८५८४२८९ | १०२७१६४३२ | २१४१२३५६२.०६ | ९७१५३६१२.५२ |
| जम्मा | ७९२२४२५२५.६४ | १५५२१८७४२.९९ | २०७६१५०८१.४२ | ४२९४०८७०१.२३ | १९९६४८८१०.२३ |
| पूँजिगत खर्च प्रतिशत | | १३ | २८ | ५९ | २६ |

## १७ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले कार्यक्रमतर्फका करार र आन्तरिक करार समेतको पारिश्रमिकको लागी बजेट विनियोजन गरी विभिन्न तहका ६८ जना कर्मचारी करारमा नियुक्त गरी रु.२,९१,२३,६४२ खर्च लेखेको छ । आन्तरीक आय श्रोतका आधारमा सहायकस्तरका अत्यावश्यक सेवा प्रवाहका लागी रिक्त दरवन्दी समेतलाई विचार गरेर अत्यावश्यक पदमा मात्र करार सेवामा जनशक्ती राखी खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।

१८ **कर्मचारी कल्याण कोष** (६४६/२०८०-१०-२४):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आन्तरिक श्रोतवाट कर्मचारी कल्याण कोषमा रु. १५ लाख ट्रान्सफर गरी खर्च जनाएको छ । । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । पालिकाले कार्यविधि तयार गरेर कानूनी व्यवस्था अनुसार बजेट विनियोजन अनुसारको खर्च गर्नुपर्दछ ।

१९ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । ९ जना वडा सचिवको रिक्त पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ९ | ९ | ८ | १ |

२० **सफ्टवेयर खरिद**

सार्वजनिक खरिद नियमावली 2064 को नियम 3 अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले राजस्व प्रणाली संञ्चालनका लागी र योजनाको प्रणालीको लागी २ सफ्टवेयर खरिद गरेकोमा ति सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत समेत लिएको देखिएन । सफ्टवेयर खरिदको आवश्यकता सो को लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवेयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ ।

२१ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम वार्षिक लक्ष्य प्रगती कानुनमा तोकिएको समयमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्च तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गरिनुपर्दछ । पालिकाको चालु तथा पूजिगत समेतका निम्नानुसारका शिर्षकगत कार्यक्रममा न्युन प्रगति देखिएको छ । विभिन्न खर्च शिर्षकका ८५० वटा मुख्य कार्यक्रममध्ये ८६ वटा (१० प्रतिशत)

कार्यक्रम/परियोजनामा शुन्य प्रगति भएको पाईयो । वार्षिक विनियोजित वजेट तथा तोकिएको लक्ष्य अनुरुप प्रगति हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ । केहि उदाहरण निम्न छन् ।

| कार्यक्रम | वजेट रकम |
|---|---|
| बाख्रापालन प्रवर्द्धन कार्यक्रम , मनहरी ३ | १०००००० |
| नवप्रवर्दन साझेदारी कार्यक्रम | १८, ०६ , ०००.०० |
| भुमि वर्गिकरण तथा भु उपयोग योजना निर्माण | १८, ०० , ०००.०० |
| लामिटार कार्यालय भवन निर्माण | १९, २४ , ०००.०० |
| वडा नं.२ र ३ जोड्ने कामीडाँडा बाटो मर्मत योजना | १०००००० |
| मनसुनजन्य निजी आवास पुनस्थापना तथा पुनर्निर्माण अनुदान | ३६००००० |
| आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक , राहत तलब भत्ता अनुदान | ३५३१००० |
| माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी , गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ११४३००० |
| मनहरी क्याम्पस सन्चालन अनुदान | ५, ०० , ०००.०० |
| अपाङ्ग, जेष्ठ नागरिक एवं विद्यार्थी यातायात कार्यक्रम | १०, ०० , ०००.०० |
| अन्य मेशिनरी ओजार खरिद एवं मर्मत कार्यालय तर्फ | १५, ०० , ०००.०० |
| प्राविधिक शाखा ल्याब सामाग्री खरिद | ५, ०० , ०००.०० |
| आवधिक योजना निर्माण | १३, ६६ , ५००.०० |
| फिल्महल चोक देखि इनार बरुवा सम्मको अधुरो सडक कालो पत्रे | १७, ०० , ०००.०० |
| बघौडा खेल मैदान निर्माण तथा मर्मत (निर्माणाधीन रंगशालामा ) | ७, ०० , ०००.०० |
| कृषि ल्याव सञ्चालन | ५, ०० , ०००.०० |
| विद्यालयका लेखा सम्बन्धी कर्मचारीका लागि प्रोत्साहन अनुदान | ५, ९१ , ५००.०० |
| कम्पाउण्ड माइक्रोस्कोप (रगत परीक्षण गर्ने , ढुसि नलाग्ने डेकस्टप सहितको) | ५, ०० , ०००.०० |
| विपन्न दलित शौचालय निर्माण | ५, ५० , ०००.०० |
| विपन्न दलित शौचालय निर्माण | ५, ५० , ०००.०० |
| बाटो ग्राबेल | १२, ०० , ०००.०० |
| साना सिचाई (२ इन्चको बोरिंग ) | ५, ०० , ०००.०० |
| साना सिचाई (२ इन्चको बोरिंग ) | ५, ०० , ०००.०० |
| वडा भित्रका विभिन्न बाटो ग्रेडिङ्ग , ग्रावेल तथा स्तरोन्नती | १३, ०० , ०००.०० |
| बाटो ग्राबिल तथा मर्मत संभार | १४, ०० , ०००.०० |
| सडक स्तरोन्नती | १५, ०० , ०००.०० |
| CTEVT का आङ्गिक शिक्षालयसँगको समन्वयमा उद्यमशीलता तालिम सञ्चालन | ५, ०० , ०००.०० |
| खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान(धान , गहुँ) | १०, ७५ , ०००.०० |
| रिउ खोला कोरिडोर निर्माण , मनहरी न.पा. वडा. न. १-९ चितवन | ५, ०० , ०००.०० |

पालिकाले तोकिएअनुसार वार्षिक कार्यक्रम कार्यान्वयनको त्रैमासिक प्रतिवेदन तयार गर्ने र स्विकृत वजेट तथा योजनाहरु वडागत रुपमा सम्पन्न हुने गरी पालिकाले कार्यक्रम कार्यान्वयनमा जोड दिनुपर्दछ ।

२२ **वार्षिक प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३५ वमोजिम पालिकाले आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार गरी तालुक निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने तोकेकोमा कार्यालयले वार्षिक प्रतिवेदन तयार गरेको छैन । नियमको पालना गरी वार्षिक प्रतिवेदन तयार गरी तोकिएको समयमा पेश गर्नुपर्दछ ।

२३ **स्वास्थ्य विमा कार्यक्रम**

स्वास्थ्य विमा वोर्डवाट स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन हुने गरेकोमा वीमित व्यक्तिको ५ जनासम्म परिवारको लागि रु. १ लाख र ५ जनाभन्दा बढी सदस्य भएको परिवारको प्रत्येक सदस्यको थप रु.२००००।०० का दरले अधिकतम रु. २ लाख सम्मको औषधोपचार वापतको रकम यस कार्यक्रमवाट व्यहोरिने र सो को सोधभर्ना स्वास्थ्य वीमा वोर्डबाट हुने गरेको छ । सो कार्यक्रममा पालिकामा स्थायि वसोवास भएका सर्वसाधारणले तिर्नुपर्ने विमा शुल्क रकम पालिकाले स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत जम्मा रु ७० लाख विनियोजन गरी रु ६३ लाख १४ हजार खर्च लेखेको छ ।संघीय सरकारको कार्यक्रमको लागि जनताले तिर्ने अंशलाई शत प्रतिशत नै पालिकाले व्यहोरेको छ । संघको कार्यक्रमको लागी पालिकावाट सर्वसाधारणको तर्फवाट शुल्क तिरी विमा गराएको देखिन्छ । संघिय सरकारको कार्यक्रममा स्थानिय सरकारवाट शत प्रतिशत नै शुल्क तिरी खर्च गरेको पाईयो । स्वास्थ्य विमा कार्यक्रम लागत साझेदारीको मोडलमा कार्यान्वयन गरी कार्यक्रमको अपनत्व उपभोक्तालाई हुनेगरी योजना तथा कार्यक्रमको प्रस्ताव गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२४ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेखमर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी गराई सोको अभिलेख राख्नु पर्दछ ।

२५ **अनुगमन भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने उल्लेख छ । त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकत्तम मानि सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । सोहि आधारमा यस प्रकारका खर्च आन्तरिक श्रोतवाट खर्च लेख्नुपर्ने देखिन्छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ को परिच्छेद ७.१.५ को वुंदा नं. ७ मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तर्क्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धीत कर्मचारी मात्र खटाउनु पर्ने र त्यसरी कर्मचारी खँटाउदा बढिमा तीन जनाको टोली खटाउनु पर्ने उल्लेख छ । पालिकाले पालिकास्तरिय योजनाको अनुगमनको लागी संघिय सरकार राजस्व वाँडफाँड शिर्षकमा मात्र १४ लाख ४० हजार विनियोजन गरी रु.१४१९३८४ खर्च गरेको र अन्य खर्च अन्य फरक शिर्षकमा समेत खर्च लेखेको पाईयो । पदाधिकारीहरुको सेवा सुविधाको भुक्तानीमा नियन्त्रण गरी ऐनमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

२६ **स्वास्थ्य चौकी तर्फ**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(३) अनुसार कुनै पनि कार्यको भुक्तानी बजेटको सिमाभित्र रही रितपूर्वक कागज प्राप्त भएपछि गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहाय बमोजिमका स्वास्थ्य चौकीको कार्य संचालनको लागि खर्च रकम भुक्तानी भएकोमा बिल भर्पाई तथा लेखापरीक्षण प्रतिवेदन संलग्न गरेको पाइएन । बिल भर्पाई र लेखापरीक्षण प्रतिवेदन पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु. ३५००००।-

| क्र.सं. | गोश्वरा भौचर मिति | स्वास्थ्य चौकीको नाम | भुक्तान रकम |
|---|---|---|---|
| १. | ७५६।२०८०।१२।०५ | हाडिखोला स्वास्थ्य चौकी | २००००० |
| २. | ८६६।२०८०।१२।२३ | शहिद हिरा स्मृती आधारभुत स्वास्थ्य केन्द्र | ५०००० |
| ३. | ९१२।२०८१।०१।०९ | मदन भण्डारी स्मृती आधारभुत स्वास्थ्य केन्द्र | ५०००० |
| ४. | १०८५।२०८१।२।१३ | पुष्पलाल स्मृती आधारभुत स्वास्थ्य केन्द्र | ५०००० |
| | | जम्मा | ३५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५०,००० |

२७ **सूचना प्रकाशन तर्फ**

विज्ञापन नियमन गर्ने ऐन २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६(क) को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था रहेको छ । यस वर्ष सुचना प्रकाशन (छपाई समेत) मा कुल जम्मा रु.२० लाख २८ हजार खर्च लेखेको छ । विज्ञापन खर्चको भुक्तानीमा उक्त व्यवस्था बमोजिम कोषमा रकम जम्मा गरेको देखिएन। नियममा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

२८ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरूवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी गाउँपालिकाको पर्यावरणलाई स्वच्छ राख्नु पर्दछ । (गाउँपालिकामा फोहरमैला व्यवस्थापन चुनौतिको रूपमा रहेको छ ) । वातावरण शाखा तथा सरसफाई शाखा नभएको ट्र्याक्टर चालक १ जना जनशक्ति रहेका छन् भने २ फोहर व्यवस्थापन गर्ने मेसिन र ढुवानी साधन रहेका छन् । अस्पतालजन्य फोहोर वाहेक दैनिक फोहोरमैला स्वास्थ्य संस्थाजन्य फोहोरमैलाको व्यवस्थापनमा अस्पतालहरूको अग्रसरताको कमी, फोहोरमैलाको वर्गीकरण (Segregation), Reduce र Reuse को अभ्यास समूदायस्तर र घरपरिवार स्तरमा प्रभावकारी नहुनु, Sanitary Landfill site को दीर्घकालीन व्यवस्थापन नहुनु, फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्र बढी नाफा केन्द्रित हुनु, फोहोरमैला व्यवस्थापन गर्ने जनशक्तिको स्वास्थ्य सुरक्षा तथा सामाजिक सुरक्षाको व्यवस्था गर्न नसकिनु, नकुहिने फोहोरमैला Upcycle गरी बजार व्यवस्थापन गर्न नसकिनु, फोहोर व्यवस्थापनको लागि आवश्यक सवारी साधन तथा उपकरणको कमी हुनु र भएका साधन तथा उपकरण पुराना भई बारम्बार मर्मत गर्नुपर्ने अवस्था रहनुले लागत थपिनु, राजमार्ग क्षेत्रमा चलिरहने सडक निर्माण तथा स्तरोन्नती जस्ता कार्यले शहरी सौन्दर्य कमजोर हुनुका साथै प्रदुषण बढनुऔद्योगिक फोहोरमैलाको उचित व्यवस्थापन नहुनु, जथाभावी फोहोर फाल्ने, प्लाष्टिक जलाउनेलाई जरिवाना/सजाय गर्न नसकेका जस्ता कारणले गर्दा फोहरमैला व्यवस्थापन चुनौति पूर्ण वनेको देखियो । ल्याण्डफिल्ड साईट निर्माणको लागी सम्भाव्यता अध्ययन समेत नभएकोले समयमानै समस्या समाधानको दिर्धकालिन रणनीति वनाई फोहरमैला व्यवस्थापन गर्नु पर्दछ ।

२९ **सामाजिक सुरक्षा**

२०७८ को जनगणना अनुसार यस पालिकाको कूल जनसंख्या ४७३५३ रहेकोमा आर्थिक वर्ष २०८०/२०८१ मा ३९२१ जनालाई सामाजिक सुरक्षा रकम वितरण गरेको छ । जनसंख्या र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही अनुपात ८.२८ प्रतिशत रहेको छ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम, दर्ता र नविकरण लगतकट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैक मार्फत वितरण गर्नुपर्ने, खाता सञ्चालन गर्ने बैक तथा वित्तीय संस्थाले निस्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्वन्धित स्थानीय तहलाई दिनुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरि अध्याबधिक गर्ने जस्ता जिम्मेवारी समाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानिय निकायको हुने व्यवस्था उल्लख छ । यस पालिकाबाट आ.व. २०८०।८१ मा लगत कट्टा गर्नु पर्ने लाभग्राहीको लगत कट्टा भएको नपाईएको र निस्कृय खाताको विवरण प्राप्त नभएकोले सोको यकिनगरी फिर्ता गर्नुपर्ने भए सो फिर्ता गरी संघिय संचित कोषमा दाखीला गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार बैक तथा वित्तीय संस्थाले आ.व. २०८०।८१ मा रु. ३८११६२ बेरुजु खातामा दाखिला भएको देखिन्छ ।

| बजेट | सामाजिक सुरक्षा निकाशा | सामाजिक सुरक्षा खर्च | मौज्दात | फिर्ता |
|---|---|---|---|---|
| १५५३९५००० | १५४९३६५०९ | १५४७०६२०६ | ५८८३५२ | ३८११६२ |

## ३० शिक्षक दरबन्दी र पदपूर्ति

शिक्षक सेवा नियमावली, २०५७ को नियम (८) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका सामूदायिक विद्यालयको रिक्त शिक्षक दरबन्दिको विवरण प्रत्येक वर्षको जेठ मसान्तसम्म सम्बन्धित जिल्लास्थित शिक्षा विकास तथा समन्वय ईकाई पठाउनु पर्ने उल्लेख छ । यस आ.व.मा पालिकाको शिक्षक दरबन्दी र पदपूर्तिको व्यहोरा देहाय बमोजिम रहेको छ ।

| विद्यालयको संख्या | दरबन्दी | पदपूर्ति संख्या | स्थायी पदपूर्ति | पदपूर्ति मध्ये करार | रिक्त पद | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|
| ३२ | २१० | २०६ | १३२ | ७४ | ४ | ८८७९ | ४४.१ |

उपरोक्त तालिका बमोजिम शिक्षक विद्यार्थी अनुपात १:४५ रहेको छ । त्यसैले तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्दै करारमा रहेका पदहरु स्थायी पूर्ति गर्नेतर्फ पालिकाले पहल गर्नुपर्दछ ।

## ३१ प्रति विद्यार्थी लागत

पालिकामा कार्यरत शिक्षकहरुको दरवन्दि एंवम पदपूर्तीबाट कायम संख्या र विद्यालयमा अध्ययनरत विद्यार्थीको संख्या कार्यान्वयन पुस्तिकाले तोकेको अनुपातमा रहने उल्लेख छ ।यद्धपि कतिपय विद्यालयमा न्यून विद्यार्थी संख्या रहेको, विद्यालय नजिकमा रहेकोमा अर्को विद्यालयमा मर्ज समेत नसकेको अवस्था छ ।पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|---|
| तीनै तहका सरकारबाट जम्मा | २०९७११००० | १८९८७२१४७ | ८८७९ | २१३८४ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु. २१,३८४ रहेको देखिन्छ । विद्यार्थीमा भएको लगानीको प्रतिफल क्लास आउट भएपछि मात्र देखिने हुँदा लगानीका आधारमा विद्यार्थी उतिर्ण हुने गरी गुणस्तरीय शिक्षाका लागि शिक्षण विधि प्रक्रियालाई परीमार्जन गरी उत्कृष्ट नतिजा ल्याउने गरी पठनपाठनलाई व्यवस्थित, सिपयूक्त बनाउने तर्फ लगानीलाई केन्द्रित गर्नुपर्दछ ।

## ३२ सेनेटरी प्याड व्यवस्थापन

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा एक छात्राले बढीमा १६ वटा सेनेटरी प्याड प्राप्त गर्ने गरी

आवश्यक मात्रामा खरिद गरी सम्बन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीला्इ सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रक्रिया सुचारु गरी अर्को महिनाको ७ गतेभित्र सूचना पाटीमा विवरण टाँस्नुपर्ने व्यवस्था छ ।पालिकाले यस आ.व. मा विभिन्न १२ वटा विद्यालयका कक्षा ६ देखि १२ सम्मका २४४३ जना छात्राका लागि ४८८६० थान कूल रु.२३८१८३६ (मु.अ.कर सहित) मूल्यको स्यानिटरी प्याड खरिद गरेको देखिन्छ ।वार्षिक रुपमा छात्राले प्रयोगमा ल्याउन सक्ने गरी खरीद एंवम वितरण गर्नु पर्ने उक्त स्वास्थ्य सामाग्रि वर्षान्तमा खरिद गरिएकोले उक्त सामाग्रि सम्बन्धित विद्यार्थीले मासिक रुपमा आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिति देखियो । गत वर्ष खरिद गरेको मौज्दातबाट प्रत्येक महिना माग अनुसार वितरण गरेको जवाफ दिएको छ । अतः मौज्दात नरहने गरी पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा स्यानिटरी प्याड खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि वितरण गरेको उचित देखिएन । कार्यक्रमको उद्देश्य अनूरुप उपयूक्त समयमै स्यानिटरी प्याड खरिद गरी सम्बन्धित विद्यालयमा तत्काल वितरण हुनुपर्दछ ।

### ३३ संस्थागत विद्यालयद्धारा निःशुल्क छात्रवृति वितरण

नेपालको संविधानको अनुसूची (८) अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस आ.व. मा संस्थागत विद्यालयद्धारा छात्रवृत्ति प्रदान गरिएका देहायबमोजिम विद्यार्थी संख्या मात्र वेबसाईटमा सार्वजनिक गरेको छ । नियमावली बमोजिम विद्यार्थीको नाम, ठेगाना र रकम सहितको विवरण सार्वजनिक गरेको देखिएन । तथा कतिपय विद्यालयले शिक्षा ऐनमा भएको व्यवस्था बमोजिमको न्यूनत्तम संख्यामा समेत छात्रवृत्ति उपलब्ध गराएको देखिएन ।उदाहरणका रुपमा यूनाईटेड ईङ्लिस बोर्डिङ्ग स्कूलमा कूल १०२६ विद्यार्थी भएकोमा ऐन बमोजिम १०२६ को १५% विद्यार्थी अर्थात १५४ जनालाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेमा १०१ जनालाई मात्र छात्रवृत्ति प्रदान गरी जम्मा ९.८४% विद्यार्थीलाई मात्र छात्रवृत्ति प्रदान गरेको देखिन्छ । तसर्थ शिक्षा ऐन तथा नियमावली बमोजिम पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्बन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| विद्यालयको नाम | नर्सरी देखि कक्षा १२ सम्मका विद्यार्थी संख्या | छात्रवृत्ति पाएको विद्यार्थी संख्या | छात्रवृत्ति पाउनुपर्ने विद्यार्थी प्रतिशत | छात्रवृत्ति पाएको विद्यार्थी प्रतिशत |
|---|---|---|---|---|
| मनहरी विलिभर्स स्कूल | २३८ | २५ | १०.००% | १०.५०% |
| मेरीगोल्ड टिनिटस ई स्कूल | ६०१ | ६२ | १२.००% | १०.३२% |
| नविन मेमोरियल एकेडेमि | १५४ | २२ | १०.००% | १४.२८% |
| नमूना शिक्षा सदन | १७२ | २५ | १०.००% | १०.३९% |
| रेड एन्जेल एकेडेमि | ३४५ | ० | १०.००% | ० |
| यूनाईटेड ई बो स्कूल | १०२६ | १०१ | १५.००% | ९.८४% |
| यूनिभर्सल लर्निङ्ग एकेडेमि | ५४९ | ५४ | १२.००% | ९.८४% |
| जम्मा | ३०८५ | २६४ | | |

३४ **शीर्षक फरक पारी खर्च** (३२८-२०८१-३-१४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५(१) अनुसार संघीय सञ्चित कोषबाट सशर्त अनुदानमा जुन-जुन शीर्षकमा रकम तोकिएको छ सोही शीर्षकमा खर्च गर्ने र बाँकी रकम वर्षान्तमा सम्बन्धित सञ्चित कोषमा फिर्ता पठाउनुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति(आवासिय तथा गैर आवासिय) खर्च शिर्षकबाट निर्मल बहुमुखि क्याम्पस वस्तिपुरलाई रु. १५०००० निकासा गरेकोमा उक्त अनुदान के कार्यक्रमको हो यकिन भएन । पालिकाले सशर्त तर्फका कार्यक्रम बजेटबाट तोकिएको शीर्षकमा खर्च गर्नुपर्नेमा तोकिएको शीर्षकभन्दा फरक शीर्षकमा खर्च भएको रकम सम्बन्धित क्याम्पसबाट असूल गरी संघिय सञ्चित कोषमा सोधभर्ना हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५०,००० |

३५ **विद्यार्थी संख्या भन्दा बढी बालविकास सहजकर्ता**

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०७५ को प्रथम संशोधन २०७७ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था छ ।तर, पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रहरुमा २५ जना भन्दा कम विद्यार्थी रहेका विद्यालयहरुमा पनि २ जना बाल विकास सहजकर्ता राखी संघ सशर्तबाट रु १०,०००।- का दरले र पालिकाबाट रु ९०००।- का दरले भुक्तानी भएको रकम अनियमित देखिएको रु.

| विद्यालयको नाम | विद्यार्थी संख्या | आवश्यक बाल शिक्षक | नियुक्त बाल शिक्षक | बढि व्ययभार रकम |
|---|---|---|---|---|
| श्री प्राथमिक विद्यालय मनहरी ८ देउकोट | २१ | १ | २ | २५७००० |

| | |
|---|---|
| अनियमित भएको | २,५७,००० |

३६ **स्वंयम सेवक शिक्षक**

पालिकाले आफ्नो क्षेत्र भित्रका स्विकृत दरवन्दि अनुसार नियमानुसारको तलब भत्ता लगायतका सुविधा खर्च लेख्दै आएको छ । संघ तथा प्रदेश सरकारको स्रोतबाट शिक्षकहरुको तलव भुक्तानी भइसकेको अवस्थामा पालिकाले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी आ.व. २०८०।८१ मा कार्यपालिकाको निर्णय मार्फत पालिका अन्तर्गतका १७ वटा सामुदायिक विद्यालयहरुमा जम्मा २७ जना शिक्षकलाई करार सम्झौता गराई स्वयंसेवक शिक्षकका रुपमा पदस्थापन गरि तलवमा कुल रु. ६४,३२,७४५ खर्च लेखेकोले पालिकालाई थप व्ययभार पर्न गएको छ । पालिकाले विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था यकिन गरी आवश्यकताको आधारमा मात्रै योग्य करार शिक्षकलाई नियुक्ति गर्नुपर्दछ ।

३७ **कृषि, पशु अनुदान**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट १९०३ जनाको लागि रु. १,०८,४४,००० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यसरी अनुदान वितरण गर्दा लाभग्राहिले दोहोरो अनुदान नलिएको स्वघोषणा पत्र पेश गरेको देखिएन ।साथै पालिकाले गतविगतमा उपलब्ध गराएका अनुदानको अद्यावधिक अभिलेख राखेको छैन ।अतः यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

**कृषि कार्यक्रम**

| संघिय कार्यक्रमतर्फ | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमको नाम | अनुदानको किसिम | अनुदान प्राप्त गर्ने व्यक्ति वा संस्थाको नाम | संख्या | रकम अनुदान (रु. हजारमा) |
| १ | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान, गहुँ , मकै) | ५०% अनुदान | कृषकहरु | ३४७ | ५५८ |
| २ | आ.व. २०७९/०८० मा स्थापना भएको धानबाली पकेट विकास कार्यक्रमको निरन्तरता | ५०% अनुदान | | २६० | १९३ |
| कृषि कार्यक्रम आन्तरिक | | | | | |
| ३ | बाँदर प्रभावित क्षेत्रमा क्षति नगर्ने वालीमा प्रोत्साहन कार्यक्रम | १००.००% | कृषकहरु | २३३ | १०० |
| ४ | माटो परिक्षण शिविर तथा प्रङ्गारिक मल कृषि चुन वितरण | १००.००% | | ४७ | २०० |
| ५ | नरिवलको बगैंचा निर्माण तथा फलफुल खेती | १००.००% | १. नरिवल बगैँचा निर्माण तथा फलफूल खेती समिति २. कृषकहरु | ७४ | ४९३ |
| ६ | मल्चीङ्ग प्लाष्टिक वितरण | ५०.००% | कृषकहरु | ३१० | ७५० |
| ७ | धान बाली पकेट क्षेत्र कार्यक्रम | ५०.००% | | | ३५ |
| ८ | वडा नं ६ रुपाचुरीमा अदुवा खेती प्रबर्द्धन कार्यक्रम | ५०.००% | १. आधुनिक कृषि तथा पशुपालन कृषक समुह | | ३५६ |
| ९ | कृषि औजार प्रतिशत अनुदान | ५०.००% | कृषकहरु | २१० | |
| १० | सिंचाई मोटर वितरण | ५०.००% | | २० | |
| ११ | कृषक प्रोत्साहन तथा क्षतिपुर्ति अनुदान | १००.००% | | २१ | २१० |
| १३ | बाली उपचार शिविर | १००.००% | | २७१ | १५० |
| | | जम्मा | | १७९३ | ३०४५ |

**पशु कार्यक्रम**

| क्र.सं. | कार्यक्रमको नाम | अनुदानको किसिम | अनुदान प्राप्त गर्ने व्यक्ती/संस्थाको नाम | लाभान्वीत संख्या | अनुदान रकम रु हजारमा |
|---|---|---|---|---|---|
| संघिय कार्यक्रम | | | | | |
| 1 | हरियो घाँस विस्तार कार्यक्रम | 100 प्रतिशत | वडा कार्यालयहरु मार्फत कृषक | विभिन्न | 838 |
| 2 | आ.व.2079/081 मा स्थापना भएको वाख्रापकेट कार्यक्रम निरन्तरता | ९0 प्रतिशत | द्वाङ्ग्रा कृषि तथा पशुपालन महिला कृषक समूह। | 22 जना | 666 |
| प्रदेश कार्यक्रम | | | | | |
| 3 | पाडापाडी प्रवर्द्धन कार्यक्रम (गोठ सुधार) | 80 प्रतिशत | कृषक | 21 जना | ५०० |
| आन्तरिक स्रोत कार्यक्रम | | | | | |
| 4 | डेरी लक्षित गाई/भैसी प्रवर्द्धन कार्यक्रम (गोठ सुधार) | 80 प्रतिशत | कृषक | 24 जना | ५०० |
| 5 | दुग्ध उत्पादक कृषकहरुला रु3 दुधमा अनुदान कार्यक्रम | 100 प्रतिशत | 6 वटा सहकारी संस्था मार्फत वितरण | विभिन्न | ४५०० |
| 6 | एकल महिला गरीव असहाय पशुपालन कार्यक्रम संसोधित | 80 प्रतिशत | निशा एकिकृत कृषि फार्मलाई खोर सुधार | 1 | 295 |
| 7 | पशु सेवा प्रसार कार्यक्रम संसोधित वोका वितरण | 100 प्रतिशत | कृषक | 22 जना | २०० |
| 8 | गाई/भैसी सुत्केरी भत्ता वितरण कार्यक्रम संसोधित भै वाख्रापालन कार्यक्रम वडा नं.4 | 100 प्रतिशत | द्वाङ्ग्रा कृषि तथा पशुपालन महिला कृषक समूह। | 7 जना | 150 |
| 9 | गाई/भैसी सुत्केरी भत्ता वितरण कार्यक्रम संसोधित भै वाख्रापालन कार्यक्रम वडा नं.1 | 100 प्रतिशत | कृषकहरु | 13 जना | 150 |
| | | | जम्मा | ११०जना | ७७९९ |

३८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिला न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) मा बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई बढिमा १०० दिनको रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं. ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पूरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा कार्यपालिकाको योजना सञ्चालन गर्नुपर्ने हुन्छ । तर पालिकामा आयोजना बैंक तयार नगरी कार्यक्रम सञ्चालन गरेको पाईयो । यस आ.व.मा पालिका अन्तर्गतका वडाहरुमा सञ्चालन भएका आयोजना निम्नानुसार छन् ।

| वडा नं. | कार्यक्रम | रोजगार संख्या | ज्यालामा खर्च भएको रकम |
|---|---|---|---|
| पालिकाका ९ वटा वडामा २३ वटा योजना | सडक तथा नाला निर्माण सिंचाई कुलो सरसफाई तथा वृक्षारोषण लगायतका कार्यक्रम | ७१ | ४४०७६७२ |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा यस आ.व. मा रु. ६४,००,००० रकम व्यवस्था भएकोमा रु. ६१,३७,००६ करिव ९५.८९ % खर्च भएको देखिन्छ। यस मध्ये रु. ४४,०७,६७२ श्रमिकको ज्यालामा खर्च भएको देखिन्छ।यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा बाटो मर्मत नाला निर्माण कूलो लाईनिङ्ग खेल मैदान संरक्षण लगायतका कार्यक्रम लगायतका कार्यक्रम संचालन गर्न दर्ता गरिएका ४६४ मध्ये यस वर्ष ७१ जनालाई औषत ९० दिन रोजगारी प्रदान गरेको देखिन्छ। पालिकाले रोष्टरमा सूचीकृत भएका श्रमिकका लागि अधिक रोजगारीका लागि आवश्यक मात्रामा श्रम प्रधान योजना छनौट गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।कार्यक्रमबाट अल्पकालीन रोजगारी सृजना भएको तर दिगो भौतिक निर्माण हुनेगरी जीवनस्तर सुधार हुने प्रत्याभूती कार्यक्रमले दिन नसकेको अवस्था छ ।

३९ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष ०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत रहेको ३ बर्थिङ सेन्टरमा गत वर्ष ३०० थानको रु.२६७००० र यस वर्ष २५० थानको रु.२२३००० खरिद गरेकोमा गतवर्ष २१६ जना र यस वर्ष २२४ जना गरी ४४० जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ११० थान न्यानो झोला मौज्दातमा रहेका छन् । पालिकाले स्वास्थ्य चौकिमा नियमित परीक्षण गर्ने गर्भवती महिलाको अभिलेखका आधारमा न्यानो झोला खरिदको लागत अनुमान स्वीकृत गरेर झोला खर्च हुने संख्या समेतका आधारमा खरीद योजना स्विकृत गरेर गर्भवती महिलाको तथ्यांकको आधारमा माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी न्यानो झोला खरिद गर्नुपर्दछ । साथै पालिकाले न्यानो झोलाको आधिकारिक तहबाट गुणस्तर परीक्षण गराएको देखिएन । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

४० **बाख्रा पकेट कार्यक्रम** (२४७-२०८१-२-२८):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । आव ०७९।८० मा स्थापना भएको बाख्रा पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रमका लागि पालिका र ट्राङ्ग्रा कृषि तथा पशुपालन महिला कृषक समूह मनहरी ४ बिच भएको सम्झौता बमोजिम ट्राङ्ग्रा कृषि तथा पशुपालन महिला कृषक समूहद्धारा ७५ वटा बाख्रा र २ वटा बोका खरिदमा अनुदान दिएको देखियो । खरिद गरिएका पशुको निरोगिताा प्रमाण पेश भएको छैन । साथै सम्झौता बमोजिम कूल लागतको ९० प्रतिशत पालिकाले र १० प्रतिशत कृषक समूहले लागत सहभागिता हुनुपर्ने भनि उल्लेख भएकोमा ट्राङ्ग्रा कृषि तथा पशुपालन महिला कृषक समूहद्धारा ७५ वटा बाख्रा र २ वटा बोकाको रु. ६९६९०० को खरिद विल पेश भएकोमा सम्झौता बमोजिम पालिकाले कूल लागतको ९० प्रतिशत वापत रु. ६२७२१० लागत सहभागिता वापत भुक्तानि दिनुपर्नेमा रु. ६६६९०० भुक्तानि दिएकोले बढि भुक्तानि रकम सम्बन्धित कृषक समूहबाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,६९० |

४१ **विद्यालय अनुदानको अनुगमन**

विद्यालय कार्यक्रम कार्यान्वियन पुस्तिका ०८०।८१ कार्यक्रम कार्यान्वियन सम्बन्धी मार्गदर्शन अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको सयन्त्रमा अनुदान व्यवस्थापन यूनिट निर्माण गरी अनुदानको निकासा गर्ने व्यवस्था उल्लेख छ । पालिकाले यस वर्ष विभिन्न ३२ वटा विद्यालयहरुलाई पाठ्यपुस्तक अनुदान, दिवा खाजा अनुदान, आईसिटि ल्याब अनुदान लगायत अन्य विभिन्न शिर्षकवापत रु. ३,३६,००,००० अनुदान निकासा दिएकोमा संयन्त्र परिचालन भएको अनुदान खर्चको अनुगमन गरेको देखिएन । पालिकाले आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ ।

४२ **विपन्न नागरिक औषधि उपचार विवरण**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार ५५ जनाको लागि रु.२५ लाख ४० हजार भुक्तानि गरेको तथा निर्देशिका २०८० अनुसार विपन्न नागरिक औषधि उपचार कार्यक्रमतर्फ थप ४९ जनालाई निःशुल्क उपचारका लागि सिफारिस समेत गरेको छ । जसमा मुटुरोग ९, क्यान्सर ३३, मृगौला ४, हेडईन्जुरी १ र स्पाईनल ईन्जुरी २ रोगि रहेको विवरण उपलब्ध भएको छ ।

| क्र सं | उपचार किसिम | ब्यक्ति संख्या | रकम रु |
|---|---|---|---|
| १ | क्यान्सर | ४५ | २०१०००० |
| २ | मृगौला डाईलाईसिस | ८ | ४१०००० |
| ३ | स्पाइनल इन्जुरी | २ | १२०००० |
| | जम्मा | ५५ | २५४००००।- |

यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागी वास्तविक औषधि तथा स्वास्थ्य परीक्षण प्रमाणका आधारमा सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

### ४३ उन्नत पाडी तथा बाख्रा खरिद

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन मिल्ने/नमिल्ने जाच गर्नु पर्ने ब्यवस्था छ। नमुना परीक्षणको क्रममा देहाय बमोजिमको कार्यक्रमबाट देहायबमोजिमको पाडी तथा बाख्रा वितरण कार्यमा नाप जाँच, तौल मापन तथा जिल्ला दर रेट तथा स्वास्थ्य परीक्षणको अवस्था चेक जाँच गरेपनी जात समेत खुल्ने गरी भेटरनरी डाक्टरको क्वारेन्टाईन सिफारिस भई भुक्तानी हुनु पर्नेमा सो बेगर बाख्रा तथा पाडीको खरिद तथा वितरण गर्ने कार्य नियम सम्मत नभएको रु.

| गोश्वरा भौचर मिति | कार्यक्रम | आपुर्तक | संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|
| २३।२०८०।४।१९ | बाख्रा वितरण | बजगाई पशुपालन तथा कृषि फर्म | ३२ | ५६७३६० |
| २४।२०८०।४।१९ | बंगुरको पाठा पाठी | आर एस एकिकृत कृषि तथा पशुपंक्षी | १६ | १०७२०० |
| ४४।२०८०।४।२६ | भैंसीको पाडि वितरण | यादव पशुपालन तथा कृषि फर्म | १५ | ४०५००० |
| ५९।२०८०।४।३१ | भैंसीको पाडि वितरण | विमला कृर्षि केन्द्र प्रा.ली. | ४१ | ९६३५०० |
| ६०।२०८०।४।३१ | भैंसीको पाडि वितरण | हरिओम एग्रो पोल्ट्री प्राईभेट लिमिटेड | ४२ | ९९५०० |
| | जम्मा | | | २१४२५६० |

| | |
|---|---|
| अनियमित भएको | २१,४२,५६० |

### ४४ प्रोत्साहन भत्ता

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ को बुँदा नं ७.१.४ मा अतिरिक्त समयमा हुने काम र सो कामको नतिजा लेखाउत्तरदायि अधिकृतवाट प्रमाणित गराएको हुनुपर्ने उल्लेख छ । त्यस्तै नियमित काम वाहेक विशेष कामको लागी दैनिक २ घण्टा

भन्दा बढी काम गरेको साथै विद्युतिय हाजिर प्रणाली अनिवार्य रुपमा लागू भएको हुनुपर्ने र यसरी अतिरिक्त कार्य गर्दा खाना खाजा वापत रु.३०० भुक्तानी हुने उल्लेख छ । तर पालिकाले नियमित तलवका अतिरिक्त प्रोत्साहन भत्ता समेत भुक्तानी भएकोमा सुचक निर्धारण नगरी एवं विद्युतिय हाजिरी वेगर अतिरिक्त काम गरेको जनाई भत्ता भुक्तानी गरेको पाईयो । पालिकामा सभावाट नियमित कर्मचारीलाई प्रोत्साहन तथा पुरस्कार अन्तर्गत रु.६२ लाख ४० हजार संघिय सरकार राजस्व वाँडफाँड श्रोतवाट विनियोजन गरी ५५ कर्मचारीलाई कुल जम्मा रु.५९,००,०२२ प्रोत्साहन भत्ता वापत भुक्तानी भएकोमा विद्युतिय हाजिरी परीक्षण गर्दा साविक १०-४/५ वजेको अवधि रहेको तथा हाजिरी तथा कामको अद्यावधिक विवरण समेत पेश नभएको तथा कुनै पनि सुचक निर्धारण नगरी सभाको निर्णयका आधारमा मात्र भत्ता भुक्तानी गरेको प्रोत्साहन रकम भुक्तानी नियमसम्मत देखिएन । विद्युतिय हाजिरी तथा अतिरिक्त कामको विवरण प्रमाणित अद्यावधिक विवरण लगायतका सुचकहरु निर्धारण गरी यस प्रकारको प्रोत्साहन भत्ता खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।

४५ **यातायात भत्ता**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ मा कुनै गोष्ठि, सेमिनार तथा तालिममा सहभागिलाई आतेजाते वापत २ दिनसम्मको कार्यक्रमका लागि एकमुष्ट रु. २०० र सोभन्दा बढि जति सुकै दिन भए पनि रु. ५०० एकमुष्ट उपलब्ध गराउने उल्लेख छ। पालिकाले विभिन्न कार्यक्रमहरुमा निर्देशिकामा उल्लेख भएको रकम भन्दा बढि दरले यातायात खर्च भुक्तानी गरेकोले यसमा सुधार हुनु पर्दछ।

४६ **राईस स्ट्रिमर इलेक्ट्रिक मेशिन खरिद**

४७३।२०८०।९।५ – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(३) अनुसार कुनै पनि कार्यको भुक्तानी बजेटको सिमाभित्र रही रितपूर्वक कागज प्राप्त भएपछि गर्नुपर्ने व्यवस्था छ ।पालिकाले १६ ट्रे (१६*३ = ४८ के.जी. चामल पाक्ने क्षमता) भएको दुई वटा Rice Steamer electric machine रु. ३०००03।- मा खरिद गरी समुदायलाई हस्तान्तरण गरेकोमा स्पेसिफिकेशन अनुसारको सामाग्री खरिद भए नभएको सम्वन्धमा post inspection तथा अनुगमन प्रतिवेदन पेश भएन । नियममा भएको व्यवस्था अनुसार स्पेशिफिकेसन अनुसारको सामान खरिद पश्चात् पाम्समा आम्दानी अभिलेखांकन गरेर मात्र यस्ता सामाग्रिहरुको उपयोगमा ल्याउने र सो को अनुगमन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४७ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र सहकारी संचालनमा रहेका संस्थाको अनुगमन गरेर प्रगति सहितको अद्यावधिक अभिलेख राखेको छैन । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा गाउँपालिकाभित्र कारोवार गर्दै आएका सहकारी संस्थाहरुको लगत अद्यावधिक गर्ने, वचत रकमको सुरक्षाका लागी लगानी लगायतका कारोवारको अनुगमन गरी जनताको वचत रकमको सुरक्षा हुने गरी आवश्यक व्यवस्थाको लागी विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

४८ **शिर्षक फरक पारी खर्चः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने तथा (१२) मा वजेट अपर्याप्त रहेको तर खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा काममा वाधा पर्ने अवस्था भएमा खर्च गरी लेखा उत्तरदायी अधिकृत वाट नियम ४३ वमोजिम नियमित गर्न सक्ने उल्लेख छ । तर पालिकाले खर्च शिर्षक तथा संकेत फरक पारेकोमा उक्त खर्च पालिकावाट हालसम्म अनुमोदन समेत गरेको नपाईएकोले शिर्षक फरक पारी खर्च लेखेको रकम अनियमित देखिएको रु. १८८९२८७

| भौ.नं.मिति | भएको शिर्षक | हुनु पर्ने शिर्षक | रकम |
|---|---|---|---|
| ४९।२०८०।४।२८ | विपन्न किसान प्रवर्धन पाडा पाडी वितरण | नाला निर्माण | २९५३२१ |
| ४३८।२०८०।८।२७ | धान बाली पकेट क्षेत्र कार्यक्रम | डिजिटल नागरिक वडापत्र बोड खरिन | ४९६१०० |
| ५५०।२०८०।९।२९ | अनुगमन मुल्यांकन | सवारी साधन तथा मेशिनरी औजार भाडा | ३३००० |
| ५८०।२०८०।१०।९ | पारीश्रमिक कर्मचारी | औषधी उपचार मृगौला प्रत्यारोपण | ५८५००० |
| १५२७।२०८१।३।२४ | बिपन्न पारीवारका लागि पाडि वितरण | दियालीटोल खानेपानी | ४७९८६६ |
| | जम्मा | | १८८९२८७ |

| | |
|---|---|
| अनियमित भएको | १८,८९,२८७ |

### ४९ मल्य अभिवृद्धि कर कट्टी

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (ग) अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टी गरी राजस्व दाखिला गर्नुपर्नेमा सम्पुर्ण मु अ कर सम्वन्धित फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| गो.भौ.नं. मिति | सप्लार्यस | विवरण | बिल रकम | मु.अ.कर रु. | कट्टि गर्नु पर्ने मु.अ.कर ३०% रु. |
|---|---|---|---|---|---|
| २६१।२०८०।६।२६ | रिलेसन ग्रुप प्रा.ली. (६०६९०४८५४) | मसलन्द तथा स्टेश्नरी | ८७२६२५ | १००३९० | ३०११७ |
| ६२६।२०८०।१०।१८ | नारायण पावर सोलुसन कष्ट्रक्सन प्रा.ली. (३०३६१६२६१) | स्ट्रिट फ्लड लाईट खरिद | ७९२९६६ | ९१२२६ | २७३६७ |
| ७६०।२०८०।१२।०५ | गढिमाई पार्टस एण्ड अर्डर सप्लायर्स (६०२२२६९१४) | मल्चिक प्लाष्टिक खरिद | ६१०८१० | ७०२७० | २१०८१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७८,५६५ |

### ५० कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । त्यस्तै बागमति प्रदेश "स्थानिय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा स्थानिय सेवाको कामको लागी कुनै पनि कर्मचारी करारमा राख्न नपाईने उल्लेख छ । दरवन्दि भित्रका पदमा मात्र करारमा कर्मचारी राख्न पाउने नियममा भएको व्यवस्था विपरित सामाजिक परिचालक तथा पशु स्वास्थ्य प्राविधिक र कृषि स्वास्थ्य प्राविधिक पदमा करारमा कर्मचारी नियुक्ती गरी तलब सुविधा रु.११६१५७० भुक्तानी गरेको (लोक सेवा आयोगमा समेत माग नगरेको) नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ११,६१,५७० |

### ५१ आर्थिक सहायता

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको वजेट अनुमान आन्तरिक आयको परिधिभित्र रहि औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था अनुरुप पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी वजेट विनियोजन गरेको र निश्चित विधि र मापदण्ड वेगर अन्य संस्था सहायता शिर्षकवाट सहायता लगायतमा आर्थिक सहायता वितरण वापत गाउँपालिका प्रमुखको तोकादेशका आधारमा अति विपन्न, सिमान्तकृत र लक्षित वर्गलाई सिफारिसका आधारमा आर्थिक सहायता वापत ९५ जनालाई रु.२१२५२७४ खर्च भएको छ । उक्त रकम पालिकाको आन्तरिक आय रु.३,१६,५३,२५० को ६.७ प्रतिशत हुन आउँछ । यसरी आर्थिक सहायता जस्तो अनुत्पादक क्षेत्रमा खर्च हुन जाँदा पालिकाको विकास निर्माण तथा सामाजिक विकास जस्ता महत्वपुर्ण क्षेत्रमा बजेटको अभाव हुन सक्दछ । अत: अनुत्पादक क्षेत्रको खर्चमा नियन्त्रण गर्न कार्यविधि तयार गरी खर्च गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

५२ **सूचना प्रकाशन तर्फ**

विज्ञापन नियमन गर्ने ऐन २०७६को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६(क) को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था रहेको छ । नमुना जाँच गरी हेर्दा यस वर्ष सुचना प्रकाशन तथा पत्रपत्रिकामा कुल जम्मा रु.१७,२७,६४७ खर्च लेखेकोमा यस्तो रकमको भुक्तानीमा उक्त व्यवस्था बमोजिम कोषमा रकम जम्मा गरेको देखिएन जसका केही नमुना देहाय बमोजिम उल्लेख गरिएको छ । नियममा भएको व्यवस्थाको कार्यान्वियन हुनुपर्दछ ।

५३ **समानीकरण अनुदानबाट थप पारिश्रमिक तथा थप कार्यक्रममा खर्च**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्विकृत दरवन्दिका शिक्षकको तलव, सशर्तवाट तोकिएका स्विकृत कार्यक्रमको खर्च सशर्त अनुदानवाट उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले विद्यालय शिक्षक, कर्मचारी तथा कार्यक्रमको लागी आन्तरिक श्रोतवाट खर्च नगरी समानिकरण अनुदानवाट खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| शिर्षक | खर्च रकम | विवरण ( गो भौ नं ) | कैफियत |
|---|---|---|---|
| शिक्षक तलव अनुदान मनहरी क्याम्पस | ५६०००० | २२३।१०।१७ | पालिकावाट लेख्नुपर्ने थप कार्यक्रम खर्च समानीकरण अनुदानवाट खर्च लेखेको |
| शिक्षक तलव अनुदान मनहरी क्याम्पस | ९००००० | २८४।११।१६ | |
| जम्मा | १४६०००० | | |

| | |
|---|---|
| अनियमित भएको | १४,६०,००० |

५४ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा कार्यविधि स्विकृत गरेर विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले वडा वाहेक गाउँपालिकाको लागी मात्र यस वर्ष ६ वटा शिर्षकका विविध खर्च मात्र कुल जम्मा रु.२३,६४,२३३ भुक्तानी भएको छ । यस्ता स्वविवेकिय खर्च निश्चित खर्चको मापदण्ड नहुँदा अत्याधिक अनुत्पादक खर्च हुने सम्भावना रहने हुँदा खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

५५ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १ (क) अनुसार २५ लाख रुपैया सम्मको औषधिजन्य खरिद उत्पादकले राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गरी तोकिएको विक्री मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले स्वास्थ्य शाखा तथा पशु विकास शाखावाट औषधि खरिद गर्दा पटके कोटेशनवाट सोझै खरिद गरेको देखिएकाले खरिद कार्य प्रतिस्पर्धी

एवं विश्वासनीय देखिएन । यसमा सुधार हुनुपर्दछ ।

औषधि खरिदमा देखिएका थप व्यहोरा निम्नानुसार छन् ।

• औषधिको आपूर्तिपछि, भुक्तानि अघि गुणस्तर र स्पेशिफिकेशन अनुसारको समान भए नभएको मूल्यांकन समितिको प्रतिवेदनका आधारमा यकिन गरी भुक्तानि दिनुपर्नेमा गुणस्तर परीक्षण सम्बन्धि कार्य भएको देखिएन ।

• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखिएकोले औषधि खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी मागको आधारमा स्वास्थ्य चौकिहरुमा हस्तान्तरण गरेको प्रमाणको आधारमा खर्च घटाउनु पर्दछ ।

• आपूर्ति भएका औषधिहरु डव्ल्यू एच ओ, जि एम पि प्रमाणित हुनुपर्नेमा सो को अवस्था एकिन हुन नसकेको, उत्पादन स्थिति व्याच नं, औषधि विक्रिको लागी होईन निशुल्क वितरणको लागी जस्ता व्यहोरा प्याकेजिङ्गमा नखुलाएको, औषधि तथा सर्जिकल सामान स्टोर दाखिला पूर्व स्पेशिफीकेसन अनुसार परीक्षण हुने नगरेको अवस्था छ । औषधीको inspection पश्चात् मात्र भुक्तानी हुनुपर्दछ ।

• औषधी खरीद आपूर्ति जिन्सि दाखिला खर्च अभिलेख अद्यावधिक गरी वफर स्टक समेतलाई मध्यनजर गरी औषधिको वितरण समेत खुल्ने गरी अभिलेख राख्ने वर्षान्तमा मौज्दात् वाँकि औषधिको जिम्मेवारी भौतिक परीक्षण समेत गरी जिन्सि अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

५६ **मूल्य अभिवृद्धि कर कट्टी**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (ग) अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले स्वास्थ्य सुचना प्रणाली रेकर्डिङ्ग सिस्टम खरिद गरी कोड फ्युजन टेक्नोलोजी लाई १२९८९८० भुक्तानी गरेकोमा सो को मु अ कर रु.१४९४४० को मु अ कर समायोजन पेश नभएकव भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टी गरी राजस्व दाखिला गर्नुपर्नेमा सम्पुर्ण मु अ कर सम्वन्धित फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४९,४४० |

५७ **दुधमा अनुदान** (२८१-२०८०-७-१):

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ। नमुना परिक्षणको क्रममा दुधमा अनुदान प्रति लिटर रु.३ निरन्तरता शिर्षकबाट दुधमा अनुदान भुक्तानी गर्दा कृषक समुह तथा सहकारी समेतका ६ वटा कृषक सहकारी र कृष्ण भट्टराई २ समेत २५ जना कृषकको लागी अनुदानबाट रु.५६,०५,११९ रकम भुक्तानी दिएको विवरण पेश भएको छ । अनुदानस्वरुप वितरित उक्त रकम सहकारीवाट सदस्यहरुको वैंक वा सहकारीको खातामा जम्मा भएको देखिदैन । साझेदार संस्था मार्फत् गएको दुधको अनुदान सम्वन्धित लाभग्राहि किसानको वैंक खातामा जम्मा हुने गरी अनुदानको वितरण गरी अनुदान रकमको पारदर्शिता एवं प्रभावकारीता अभिवृद्धि गर्नुपर्दछ ।

५८ **उपभोक्ता समिति परिचालन सम्बन्धमा**

एक करोड रुपैयासम्मको लागत अनुमान भएको सोहि आर्थिक वर्षमा सम्पन्न हुन सक्ने निर्माण लगायतका जनचेतनामुलक कार्य उपभोक्ता समितिवाट गर्न सकिने व्यवस्था सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (१) ले तोकेको छ । पालिका कार्यालयले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस सम्बन्धमा देहायका व्यहारा देखिएका छन् ।

५८.१ **(क) उपभोक्ता समिति दर्ता** - संस्था दर्ता ऐन, २०३४ को दफा ३ अुनसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । पालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त

व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन। उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

५८.२ **(ख) योजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी योजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित योजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् सञ्चालन भएका योजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनै पनि योजना सम्वन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारी समेत हस्तान्तरण गर्ने गरेको देखिएन । समयमै निर्माण कार्य सम्पन्न गरी योजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ।

५८.३ **(ग) हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उप नियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उप नियम (९क) अनुसार सो विपरीत हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्वन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको मेशिन प्रयोग गर्नु अगाडी प्राविधिकवाट स्विकृति लिनुपर्नेमा नियमावलीको व्यवस्था बमोजिम सम्वन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

५८.४ **(घ) जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । उपभोक्तासँग पूँजिको अभाव हुने, जोखिम वहन गर्ने प्रत्याभुति नहुने, दक्ष प्राविधिक नहुने, संरचना निर्माणमा प्रयोग हुने हेभि इक्विपमेन्ट, मेशिन नहुने यथार्थलाई ध्यानमा राख्दा संझौताका आधारमा योजना कार्यान्वयन गर्न सक्ने क्षमता समितिसँग देखिँदैन । तसर्थ यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

५८.५ **(ङ) मर्मत सम्भार कोष** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समितिले सम्पन्न योजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत् सम्पन्न योजना मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरिने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाइएकोले निर्मित योजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरीनुपर्दछ ।

५८.६ **(च) धरौटीको व्यवस्था** - उपभोक्ता समितिबाट गरेको कार्यमा तोकिएको अवधि सम्म दुरुस्त राख्नु पर्ने भएमा त्रुटि सच्याउने अवधि सम्मको धरौटी राख्नु पर्दछ । त्रुटि सच्याउने अवधिसम्मको धरौटी राखे गरेको पाईएन । निर्माण कार्यको भुक्तानी गर्दा धरौटी कट्टा गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ ।

५८.७ **(छ) खर्चको अनुमोदन** - नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । सार्वजनिक सुनुवाई लगायत सामाजिक लेखापरीक्षण गरी भुक्तानीको लागी पालिकामा पेश गर्नुपर्नेमा केहि योजनाको भुक्तानीमा सो वेगर भुक्तानी सिफारिस हुने देखिएकोले नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको पूर्ण बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गरेपश्चात् भुक्तानी हुने व्यवस्था हुनुपर्दछ ।

५८.८ **(झ) प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वर्षान्तमा संम्झौता अनुसार निर्माण भएका यस्ता निर्माणाधिन संरचनाको स्थलगत मापन मुल्यांकन नगरी भुक्तानीका लागी लागत अनुमानकै हाराहारीमा विलिङ्ग गरी परीमाण मापन मुल्यांकन गरेर विल प्रमाणित गरी खर्च लेख्नु उपयुक्त देखिएन । यस्तै प्रकृतिका अधिल्ला महिनामा भुक्तानीका लागी पेश भएका समान खाले निर्माणाधिन संरचना ६० प्रतिशतको हाराहारीमा मात्र मुस्किलले ठेक्का कार्यान्वयन भई भुक्तानी भएको अवस्थामा वर्षान्तमा सम्झौता भएका निर्माण संरचनामा वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उपभोक्ताले व्यहोरेका कामहरुको मापन मुल्यांकन समेत उल्लेख गर्ने गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

५८.९ **(ञ) उपभोक्ता समितिलाई म्याद थप** - पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना नआएको सुनिश्चितता देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । कार्यपालिकाको पटके वैठकले अधुरा अपुरा उपभोक्तासँग भएका सम्झौताहरुलाई विना आधार पटक पटक म्याद थप गर्दै आएको स्थिति छ । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

**(ट) उपभोक्ता समितिका वील भरपाईहरु** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । उपनियम (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ११ मा उपभोक्ता समिति वा लाभग्राही समुदायको निर्माण कार्य सम्पन्न गरिसकेपछी सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागिता व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको बिबरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट उपभोक्ता समिती मार्फत संचालित निर्माण कार्यको को प्राविधिक विल र खर्च प्रमाणित गर्ने विल विच सामञ्जस्यता देखिएन । वास्तविक खरिद परिमाण भन्दा घटी/बढि परिमाण देखिएकोले पालिकाले सो सम्बन्धमा एकिन गरेर निर्माण कार्यको विल भुक्तानी गर्नुपर्दछ । उपभोक्ता समितिले खरिद गरेको दरभन्दा बढि दर रहेको मु.अ. कर सहितको जिल्ला दररेटको आधारमा मूल्याङ्कन कायम गरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई निर्माण सामाग्री खरिदमा दिएको मूल्य अभिवृद्धि कर वापतको रकम समेत बढि दरमा मूल्याङ्कन हुँदा उपभोक्ता समितिलाई बीजक मूल्य भन्दा बढी भुक्तानी हुन सक्ने अवस्था छ । पालिकाले बिल अनुसारको मूल्यांकन गरी न्यून बिजकीकरणलाई नियन्त्रण गर्न जरुरी देखिन्छ ।

५८.१० **(ठ)सब कन्ट्रयाक्टर** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै निर्माण व्यवसायी वा सव कन्ट्र्याक्टरवाट गराउन नसकिने उल्लेख छ । कुनै कारणवश सो समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसक्ने भएमा सार्वजनिक निकायले समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ । यसरी समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसकेको अबस्थामा नियमको उक्त व्यवस्था अनुसार पालिकाले स्वयम ठेक्का मार्फत् काम गराउंदा प्रतिष्पर्धी दरमा काम गराउन सकिनेमा सो बमोजिम नगरी उपभोक्ता समिति मार्फत सब कन्ट्रयाक्टरले पेश गरेको माल मटेरियल सहितको बिलको रकम भुक्तानी दिंदा राज्यलाई थप ब्ययभार परेको देखियो । सो सम्बन्धमा पालिका लगायत सम्बन्धित निकायको ध्यानाकर्षण हुनु जरुरी देखिन्छ ।

५९ **कर कट्टी**

आयकर ऐन, २०५८ को दफा ८७ मा प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा तोकिएको दरले कर कट्टी गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिमको कार्यको लागि भुक्तानीमा घटी कर कट्टी गरेकोले अपुग कर सम्बन्धितबाट असुल गर्नु पर्ने रु.

| गोश्वरा भौचर मिति | खर्च शिर्षक | भुक्तानी पाउने नाम | भुक्तानी रकम | कर कट्टी १५% |
|---|---|---|---|---|
| ४५७।२०८०।०९।०३ | मुद्धा बहस पैरवी | तेज कुमारी थापा | २८११५ | ३५२६ |
| ९०७।२०८१।०१।०९ | मुद्धा बहस पैरवी | पुष्पाञ्जली ल फर्म | ७२५०० | १०८३६ |
| | जम्मा | | | १४३६२ |

| असुल गर्नुपर्ने | १४,३६२ |
|---|---|

६० **विजुली जरिवाना**

३८६।२०८०।०८।१५- सरकारी खर्चमा मितव्ययीता मापदण्ड २०७८ को बुँदा नं १५ मा धारा विजुलीको महसुल समयमा भुक्तानी गर्नुपर्ने र समयमा नतिर्दा जरिवाना तिर्नुपर्ने अवस्था आएमा सम्वन्धित लेखाप्रमुख तथा कार्यालय प्रमुखवाट दामासाहिले असुलउपर गरिने उल्लेख छ । नमुना परीक्षणको क्रममा पालिकाले कार्तिक महिनाको विद्युत महशुल रकम भुक्तानीमा रु.४१७५८।- को बिल रकममा थप जरिवाना बापत रु.१०४३९ गरी जम्मा रु. ५२१९८ भुक्तानी गरेको अनियमित देखिएको छ । यसमा सुधार हुनुपर्दछ ।

६१ **प्रशिक्षक भत्ता**

प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ दफा ११ को उपदफा ३ को अनुसुची १ मा तालिम केन्द्र वाहेक अन्य सवै प्रकारका तालिमका स्रोत व्यक्ति प्रशिक्षकको पारिश्रमिकमा सहायकस्तर/अन्य तालिममा गाँउपालिकास्तर कक्षा सञ्चालन बापत रु ४०० र कार्यपत्र वापत १००० लिन पाउने उल्लेख छ साथै एउटा कक्षाको अवधि १ घण्टा ३० मिनेट तथा कार्यपत्र भन्नाले कम्तिमा ७५० शव्दको प्रवन्ध सम्झनुपर्ने उल्लेख छ ।साथै सम्बन्धीत कार्यालयले संचालन गरेको कार्यक्रममा सोही कार्यालयका स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यस्था छ देहायवमोजिमको तालिम सञ्चालन गर्दा देहायका कर्मचारीलाई तालिम कार्यक्रमको कार्यपत्र पेश वेगर प्रशिक्षक भत्ता भुक्तानि गरेकोले कार्यपत्रको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| गो भौ नं/ मिति | नाम | भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| १०३५।२०८१।०२।०३ | मेघराज शंकर | ५x २१०० = १०५०० | ५x ४०० = २००० | ७२२५ | सामाजिक सुरक्षा र घटना दर्ता तालिम कार्यपत्र नभएको |
| १०३५।२०८१।०२।०३ | जिवन्त कुमार महरा | ३x २१०० = ६३०० | ३x ४०० = १२०० | ४३३५ | सामाजिक सुरक्षा र घटना दर्ता तालिम कार्यपत्र नभएको |
| १०३५।२०८१।०२।०३ | जिवन महरा | ४x २१०० = ८४०० | ४x ४०० = १६०० | ५७८० | सामाजिक सुरक्षा र घटना दर्ता तालिम कार्यपत्र नभएको |
| | | | जम्मा | १७३४० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,३४० |

६२ **थप सुविधा भुक्तानी**

(गो भौ नं२४२।२०८०।६।२४) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाको उपभोक्ता समिति परिचालन अभिमुखीकरण तालिममा सहभागी भए बापत जनप्रतिनिधिलाई सहभागी भत्ता भुक्तानी नियम सम्मत नभएको रु.५२३६०

| | |
|---|---|
| अनियमित भएको | ५२,३६० |

६३ **थप बैठक भत्ता भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(३) अनुसार कुनै पनि कार्यको भुक्तानी बजेटको सिमाभित्र रही रितपूर्वक कागज प्राप्त भएपछि गर्नुपर्ने व्यवस्था छ ।पालिकाले वडा संचालन खर्च शिर्षकबाट वडा नं. ६ को वडा समितिको भदौ र असोज महिनामा वैठक बसे बापत प्रति महिना ३ वटा को दरले बैठक बसे बापतको भत्ता भुक्तानी लिन मिल्ने कानुनी व्यवस्था भएकोमा देहाय बमोजिमका पदाधिकारीको तोकिएको संख्या भन्दा बढी संख्यामा बैठक बसी थप रकम भुक्तानी भएकोले सम्बन्धितबाट असुल हुनु पर्ने रु.

| नाम थर | पद | बैठक संख्या | भत्ता भुक्तानी | बढी बैठक संख्या | बढी रकम | खुद बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| युवराज थपलिया | वडाध्यक्ष | ७ | ७००० | १ | १००० | ८५० |
| विष्णु बहादुर राई | वडा सदस्य | ८ | ८००० | २ | २००० | १७०० |
| प्रबिता विश्वकर्मा | वडा सदस्य | ८ | ८००० | २ | २००० | १७०० |
| राममाया नगरकोटी | वडा सदस्य | ८ | ८००० | २ | २००० | १७०० |
| कुमार सिं मोक्तान | वडा सदस्य | ८ | ८००० | २ | २००० | १७०० |
| जम्मा रकम | | | | | | ७६५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,६५० |

६४ **पारिश्रमिक कर**

आयकर ऐन, २०५८ को दफा ८७ मा प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा तोकिएको दरले कर पारिश्रमिक कर कट्टी गर्नु पर्ने व्यवस्था

रहेको छ । पालिकाले देहायका कर्मचारीहरुको प्रोत्साहन भत्ता वापतको रकम भुक्तानी मा घटी कर कट्टी गरेकोले अपुग कर सम्बन्धितबाट असुल गर्नु पर्ने रु.

| सि.नं. | कर्मचारीको नाम थर | पद | जम्मा | 15%कर | पुर्व कट्टी | नपुग कर रकम | |
|---|---|---|---|---|---|---|---|
| १ | मोहन कुमार श्रेष्ठ | प्रमुख प्रशासकिय अधिकृत | ८१५२० | १२२२८ | ८१५ | ११४१३ | दाखिला बाँकि |
| २ | दिपेश कुमार महतो | आलेप सहायक पाँचौ | ६१८२१ | ९२७३ | ६१८ | ८६५५ | दाखिला बाँकि |
| ३ | सुरेन्द्र प्रसाद न्यौपाने | सहायक पाँचौ प्रशासन | ६२०५३ | ९३०८ | ६२१ | ८६८७ | दाखिला बाँकि |
| ४ | सनसरिता कुसवाह | सहायक पाँचौ प्रशासन | ५४६४४ | ८१९७ | ५४६ | ७६५० | दाखिला बाँकि |
| ५ | दिपक अधिकारी | एम आई एस अप्रेटर | ७६४०६ | ११४६१ | ७६४ | १०६९७ | दाखिला बाँकि |
| | जम्मा | | ३३६४४४ | ५०४६७ | ३३६४ | ४७१०२ | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१२,१९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,२२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,६९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,१०२ |

### ६५ आय अनुमान एवं कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ केहिमा अनुमानित भन्दा बढी आय प्राप्त गरेको छ भने केहिमा अनुमानको आधारमा कम राजस्व संकलन भएको छ । समग्र प्राप्तिको श्रोतको अनुमानको तुलनामा आन्तरिक आय १०१ प्रतिशत मात्र संकलन भएको छ । शीर्षकगत आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र. सं. | आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पती कर | ६०००००. | ३९१७७२. | ६५.३ |
| २ | भुमिकर/मालपोत | ४००००००. | ३८१४४१९. | ९५.३६ |
| ३ | घरजग्गा रजिष्टेशन दस्तुर | १४००००००. | १३२५००९४. | ९४.६४ |
| ४ | वहाल कर | १४०००००. | १९४६६०२.०९ | १३९.०४ |
| ५ | वहाल विटौरी कर | २०००००. | ९८४३७.२२ | ४९.२२ |
| ११ | अन्य कर | १. | ४४२८८७.२३ | - |
| २३ | अन्य सेवा शुल्क तथा बिक्री | २०००००. | १९११५४६.७२ | ९५५.७७ |
| २४ | न्यायिक दस्तूर | ५०००. | ५००. | १०. |
| २५ | परीक्षा शुल्क | ९००००. | ३७२५०. | ४१.३९ |
| २६ | अन्य प्रशासनिक सेवा शुल्क | १. | ५७०००. | - |
| २७ | नक्सापास दस्तुर | १२०००००. | १८६८१३.८८ | १५.५७ |
| २८ | सिफारिश दस्तुर | ३२०००००. | २८८२९५१.२३ | ९०.०९ |
| २९ | व्यक्तिगत घटना दर्ता दस्तुर | २५००००. | ५९७४६४. | २३८.९९ |
| ३० | नाता प्रमाणित दस्तुर | २०००००. | १९२७५०. | ९६.३८ |
| ३१ | अन्य दस्तुर | १०००००. | ४७०२८३.१ | ४७०.२८ |
| ३२ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ७०००००. | २०११००. | २८.७३ |
| ३५ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २०००००. | ० | ० |
| ३९ | व्यवसाय कर | १. | १७०१००. | - |
| जम्मा | | २६३४५००३. | २६६५१४७०.४७ | १०१.१६ |

पालिकाले आय अनुमान समेत नगरेको शिर्षकमा समेत आय प्राप्त भएको सभाले स्विकृत अनुमान गरेका राजस्व शिर्षकमध्ये केहि शिर्षकमा अत्यन्तै न्युन प्रतिशत र केहिमा शुन्य प्रतिशत प्रगति समेत देखिएको छ । सवारी साधन कर तथा प्रशासनिक दण्ड जरिवाना र अन्य विक्रिवाट आय ज्यादै न्युन देखिएको, व्यवसाय कर समेत सिफारिस तथा अन्य राजस्वमा जनाउने गरेको तथा पालिका भित्र रहेका करदाताहरुको लगत अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले केहि शिर्षकहरुमा अनुमान भन्दा न्युन मात्र आय संकलन भएको छ । वडामा राजस्व संकलनको लागि गाउँपालिकाले अनलाईन पोर्टल राजस्व प्रणाली अनिवार्य गरेको जनाएतापनि अधिकांश वडामा पुरानो ढङ्गामा नै अभिलेख राख्ने गरेकोमा सवै अभिलेख अनलाईनमा राखिसकेको छैन र सो को गाउँपालिका केन्द्रवाट अनलाईनमार्फत सुपरीवेक्षण हुने गरेको छैन । जसवाट उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको लगत अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउने र राजस्व प्रक्षेपणलाइ यथार्थपरक बनाइ राजस्व संकलन र सोको परिचालन व्यवस्थित गर्नुपर्दछ ।

६६ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६८७१४४८२४ | ३१६५३२५०.९१ | ४.६ |

उपर्युक्त विवरण अनुसार यस गाउँपालिकामा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.६ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै सेवा सुविधासँग आन्तरिक आयलाई आवद्ध गरेर आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ६७ जरिवाना असुल नभएको

नदिजन्य पदार्थ उत्खनन गरी आम्दानी गर्ने काम पालिकाको अधिकार क्षेत्रको विषय हुने गरी नेपालको संविधान तथा स्थानिय सरकार सञ्चालन ऐनले तोकेको छ । गाउँपालिका अन्तर्गत विभिन्न वडामा १८ वटा क्रसर उद्योगहरू सञ्चालनमा रहेको पालिकाको अभिलेखबाट देखिन्छ। ती उद्योगहरूले उत्पादन, प्रशोधन एवं बिक्री वितरण गर्ने नदीजन्य पदार्थको जिल्ला अनुगमन समितिले प्रत्येक वर्ष अनुगमन गरी यस्ता नदीजन्य पदार्थ उत्खनन प्रसोधन गर्ने, बिक्री वितरण गर्ने उद्योगहरूको कारोबार तथा मौजदातको यकिन गरी घट, बढ कारोबार देखाएका, अस्वभाविक परिमाणमा मौजदात घोषणा गरेका उद्योगहरूलाई छानबिनमा ल्याउनुपर्ने र फरक परिमाणमा कारोबार देखाएका उद्योगहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्नेमा यस वर्ष दुईवटा मात्र उद्योगको अनुगमन गरी मौजुदात फरक पारेको भनी जरिवाना गर्ने निर्णय गरेको छ।

२०८०।९।२४ गते बसेको नदीजन्य तथा खानीजन्य जिल्ला अनुगमन समितिको बैठकको निर्णय अनुसार जिल्ला समन्वय समितिको चलानी नम्बर १८ मिति २०८०।१०।१६ को परिपत्र अनुसार निम्न उद्योगलाई फरक मौज्दातको आर्थिक ऐनले हुने दरले जरिवाना असुल गर्ने निर्देशन दिए बमोजिम उक्त निर्णयलाई २०८० माघ १९ गतेको पालिकाको बाह्रौं सभाले प्रस्ताव नम्बर २० बाट जरिवाना असुल गर्ने निर्णय अनुमोदन समेत भई सकेकोमा हालसम्म उक्त जरिवाना असुल गरेको देखिएन । कारबाहीमा परी तोकिएको जरिवाना समयमा नबुझाउने तपसिलका उद्योगबाट उक्त लगत कायम भएको जरिवाना असुल हुनुपर्दछ रु.

| उद्योगको नाम | घटी/ बढी | घ. मि . मा | घन फिटमा | स्विकृत दर | जम्मा जरिवाना रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| मनहरी क्रशर उद्योग प्रा. ली . | घटी | ५३८७.९८ | १९००८७.९३ | २१.६६ | ४११७३०४।६६ | रु. ५००००० असुल भएकोले वाँकि रु . ३६१७३०४।६६ असुल हुनुपर्ने |

| असुल गर्नुपर्ने | ३६,१७,३०४.६६ |
|---|---|

## ६८ राजस्व संकलन

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,८४४,२१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ६९ राजश्व तर्फ

मनहरी गाउँपालिका वडा नम्बर ७, ८ को सिमामा पर्ने मनहरी पुलदेखि उत्तरतर्फ ५०० मिटर छाडेर उपल्लो क्षेत्रबाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन र व्यवस्थापन गर्ने कार्यको लागि २०८०। १।२१ मा IEE सम्पन्न भई विभिन्न चार प्याकेजमा विभाजन गरेर ठेक्का लगाउने गरी प्याकेज १ बाट ६५३९९ घ.मी. प्याकेज २ बाट ६८६२२.७७ घ.मी. प्याकेज ३ बाट ७२००८.९७ घ.मी.

प्याकेज ४ बाट ८०६७६.१ घ.मी. समेत जम्मा २८६७०७.३५ घ.मी. नदीजन्य पदार्थको उत्खनन, बिक्री व्यवस्थापन गर्न दिने तथा गत आर्थिक वर्षमा जिल्ला समन्वय समितिको यकिन गरेको मौज्दात २२४४३३.५३ घ.मी. गरी ५११९४०.८० घ.मी. को ठेक्का आवान गर्ने तयारी गरेको देखिन्छ ।जसअनुसार उक्त नदीजन्य पदार्थको कुल मौजदात (५११९४०.८०*३५.२१) १८०३३०५० घ.फिट को प्रदेश सरकारको आर्थिक ऐनमा उल्लेखित दर प्रति घ.फिट रु.९ का दरले न्युनतम कवोल अंक १६२२९७४५२।२१ (मुअकर अग्रिम आय कर वाहेक) लाई न्युनतम कवोल अंक कायम गरी ठेक्का आह्वान गर्नुपर्नेमा निम्नानुसार भएको देखियो ।

६९.१ **(क)** २०८०।८।६ को राजस्व परामर्श समितिको बैठकले नदीजन्य पदार्थको न्यूनतम कवल अङ्कलाई घटाई ठेक्का आवान गर्नु अगाडि अमानतबाट उठाएको रकम रु १३५०००००।- तथा ठेक्का सूचना तथा छनोट प्रक्रियामा लाग्ने समयावधि करिब ४५ दिनको अमानतबाट उठ्ने रकम रु १३५०००००।- गरी जम्मा २ करोड ७० लाख रकम घटाई प्रदेश सरकारको आर्थिक ऐनले तोकेको दरबाट कायम हुने न्यूनतम कवल अङ्क रू १६२२९७४५२।२१ बाट १३५२९७४५३।- कायम गरेको देखियो । ठेक्काको सुचना अवधि सम्म केहि परिमाण उठाएकोले वाँकि परिमाण मात्र संकलन गर्न सुचना निकालेको देखिन्छ । सार्वजनिक खरिद ऐन २०६३ को ठेक्का कबोल अङ्कको लागत तयार गर्दा ध्यान दिनुपर्ने उल्लेखित कानुनका आधारहरू समेत परिपालना हुनुपर्दछ ।

६९.२ **(ख)** गाउँसभाले स्वीकृत गरेको प्रति घनमिटर रु ५० का दरले चार प्याकेजको (२८६७०७.३५ घनमिटरको ३५.२१ * ५०) मात्र नदीजन्य पदार्थको सिलबन्दी बोलपत्रबाट न्यूनतम कबोल अङ्क रू १४३३५३६७०।- राखी ठेक्का कार्यान्वयनको सूचना प्रकाशन भएकोमा, दुईपटकसम्म ठेक्का कबलको बोलपत्र नपरेका कारण वर्षाको समय नजिकिएको भनी सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार पुःन तेस्रोपटक ठेक्काको सूचना ननिकाली साविकमा असुल गर्दै आएको अमानतबाटै वर्षभरि ठेक्का कार्यान्वयन गरेको देखियो। न्यूनतम तीनपटक बोलपत्रको सूचना प्रकाशित गर्दा तोकिएको समयभित्र बोलपत्र नपरेमा पालिकाले निर्णय गरी वैकल्पिक व्यवस्थाबाट नदीजन्य पदार्थको बिक्री व्यवस्थापन गर्नुपर्नेमा समय अभावको कारण देखाई नियमावलीले तोकेको सूचना ननिकाली (तेस्रोपटक) अमानतबाट राजस्व उठाउने कार्य नियम संगत देखिएन । समयमा ठेक्का लाग्न नसकेकोले अमानतमा नै नदिजन्य पदार्थ व्यवस्थापन गरेको छ ।

६९.३ **(ग)** पालिकाले चारवटा प्याकेजको स्वीकृत घनमिटर नदीजन्य पदार्थको अमानतबाट सञ्चालन गर्ने कार्य दुई बिन्दुमा रसिद चेक गरी विजक जारी गर्ने गरी दुई फरक फरक विन्दुवाट असुल गरेको देखिन्छ।

निकासीतर्फ २०८०।६।९ बाट (१० चक्के टिपर) रसिद नम्बर १ देखि २५१२० (५०३ ठेली) सम्मबाटप्रति टिपर रु ४३१३।- का दरले १०८०५७९०२।- असुली भएको तथा अन्य असुलीतर्फ पालिकाले पटके पास दिइ लाइट गाडीमा मिति २०८१।१।३० देखि २०८१। २।२३ सम्मको विचमा रसिद नं. २६८० देखी ५३४० सम्म २६६० वटा पास खर्च लेखी प्रति टिप १०० तथा ५० का दरमा (१२ घ.मी*५० दर) ६००।- प्रति पास को हिसाबमा रु.६११०८७१।४९ समेत जम्मा राजस्व आम्दानी रू ११४१६८७७३।४९ असुल भएको छ। समयमा ठेक्का कार्यान्वयन गर्न नसकिँदा यस वर्षको ठेक्काको न्यूनतम अङ्क रु १४३३५३६७०।- भन्दा रु. २९१८४८९६।५१ पालिकाको कम आय प्राप्त भएको छ ।

६९.४ **(घ)** यसरी अमानतबाट आय सङ्कलन गर्दा जिल्ला समन्वय समितिले उत्खननको लागि तोकेको परिमाणको नदीजन्य पदार्थको परिमाण भन्दा घटी वा बढी बिक्री वितरण गरियो भन्ने परिमाण सम्बन्धी चेकजाँच गर्ने दुई बिन्दुमा अभिलेख रही नियन्त्रण गर्नुपर्नेमा यस्तो रजिस्ट्रर राखेको छैन । तसर्थ के कति परिमाणमा नदीजन्य पदार्थ बिक्री भई जम्मा भएको राजस्व असुली भयो सोको अभिलेख अद्यावधिक हुनुपर्दछ ।

पालिकाले नदीजन्य पदार्थको बोलपत्र सूचना प्रकाशित गर्दा IEE गरेर स्वीकृत यस वर्षको परिमाण २८ ६७०७.३५ घनमिटर मात्रको न्यूनतम कबोल अङ्क उल्लेख गरेको तर २०८०।५।३१ को चलानी नम्बर ३९ बाट जिल्ला समन्वय समितिबाट गत वर्षको बाँकी प्रमाणित

गरेको मौजुदात २२४४३३.५३ घन मिटरको आम्दानी बोलपत्रको कबोल अङ्कमा पनि नखुलाएको, अमानतबाट बिक्री गर्दा समेत उक्त नदीजन्य पदार्थको बिक्रीको छुट्टै अभिलेख नराखेकोले उक्त परिमाणको नदीजन्य पदार्थबाट प्राप्त हुने रकम (२२४४३.५३ घनमिटर * ३५.२१* रु ९) रु ७११२०७४१।३१ को आय स्रोतको हिसाव पालिकाले अद्यावधिक विवरण अभिलेखांकन गर्नुपर्दछ । आई ई ई र मौज्दात् को असुलीतर्फ वर्गिकृत हिसाव नराखि एकमुष्ठ हिसाव राखेको देखियो । उक्त नदिजन्य पदार्थको मौज्दात् या विक्रिवाट प्राप्त आय व्ययको हिसाव पेश गर्नुपर्दछ ।

नदीजन्य पदार्थ ब्यवसाय गर्ने उद्योगी/सप्लायर्सहरुले मनहरी गाउँपालिकाको कर संकलन नाकामा वुझाएको तथा संकलित रकम सम्वन्धी विवरण निम्नानुसार पेश गरेको छ ।

| सि.नं. | प्रशोधन उद्योग/सप्लायर्सको नाम | वार्षिक विक्री परिमाण | विक्री परिमाण घनफिटमा | विक्री शुल्क | मु.अ. कर रकम | कर संकलन केन्द्रमा वुझाएको रकम |
|---|---|---|---|---|---|---|
| १ | सन्तोषि वालुवा उद्योग | ५९२६.०० | २०९२४७.०६ | १८८३२२३.५४ | २४४८१९.०६ | २१२८०४२.६० |
| २ | जय मनहरी वालुवा उद्योग | १८६०.०० | ६५६७६.६० | ५९१०८९.४० | ७६८४१.६२ | ६६७९३१.०२ |
| ३ | बर्तौला बालुवा उद्योग | २३७५.०० | ८३८६१.२५ | ७५४७५१.२५ | ९८११७.६६ | ८५२८६८.९१ |
| ४ | कामना क्रसर उद्योग | ४०५२६.०० | १४३०९७३.०६ | १२८७८७५७.५४ | १६७४२३८.४८ | १४५५२९९६.०२ |
| ५ | चतुर्मुखी क्रसर उद्योग | ८५७०६.०० | ३०२६२७८.८६ | २७२३६५०९.७४ | ३५४०७४६.२७ | ३०७७७२५६.०१ |
| ६ | जनसेवा क्रसर उद्योग | ३५०४८.०० | १२३७५४४.८८ | १११३७९०३.९२ | १४४७९२७.५१ | १२५८५८३१.४३ |
| ७ | ओम शान्त वालुवा उद्योग | १५५७५.०० | ५४९९५३.२५ | ४९४९५७९.२५ | ६४३४४५.३० | ५५९३०२४.५५ |
| ८ | स्वस्तिक क्रसर उद्योग | ५१९५६.०० | १८३४५६६.३६ | १६५११०९७.२४ | २१४६४४२.६४ | १८६५७५३९.८८ |
| ९ | आफ्नै वालुवा उद्योग | १३११४.०० | ४६३०५५.३४ | ४१६७४९८.०६ | ५४१७७४.७५ | ४७०९२७२.८१ |
| १० | दाङसिङ वालुवा उद्योग | १२२०४.०० | ४३०९२३.२४ | ३८७८३०९.१६ | ५०४१८०.१९ | ४३८२४८९.३५ |
| ११ | मनहरी क्रसर उद्योग | २४६३९.०० | ८७०००३.०९ | ७८३००२७.८१ | १०१७९०३.६२ | ८८४७९३१.४३ |
| १२ | दुर्गालक्ष्मी उद्योग | ५५२.०० | १९४९१.१२ | १७५४२०.०८ | २२८०४.६१ | १९८२२४.६९ |
| १३ | दारिमवास बालुवा वासिङ | ७२५४.०० | २५६१३८.७४ | २३०५२४८.६६ | २९९६८२.३३ | २६०४९३०.९९ |
| १४ | डि आर डि निर्माण सेवा | ४४७.०० | १५७८३.५७ | १४२०५२.१३ | १८४६६.७८ | १६०५१८.९१ |
| १५ | त्रिमुर्ति एग्रिगेट | ५३२८.०० | १८८१३१.६८ | १६९३१८५.१२ | २२०११४.०७ | १९१३२९९.१९ |
| | जम्मा | ३०२५१०.०० | १०६८१६२८.१० | ९६१३४६५२.९० | १२४९७५०४.८८ | १०८६३२१५७.७८ |
| | | | कार्यालयले अमानतमा संकलन गरेको रकम | | | ११४०४४१९०।७० |

७० **वातावरण शुल्क**

नदीजन्य पदार्थको बिक्रीमा छुट्टै वातावरण शुल्क प्रति घनफिट २० पैसाका दरले असुल गर्ने व्यवस्था अनुसार यस वर्षको स्वीकृत नदीजन्य पदार्थको परिमाण ५१११४०.८० घनमिटरको प्रति घन मिटर २० पैसा ले रु. ३६०६६१०।- असुल हुने अनुमान गरेकोमा २०८०।६।९ देखि यस्तो शुल्क उठाउन सुरु गरेको ७५७ ठेलीका ३७७८७ वटा रसिदबाट ३११६६४५।६० असुली एवं दाखिला भएको राजस्व अभिलेखबाट देखिएको छ। अत वातावरण शुल्क बापत अनुमानभन्दा रु ४८९९६४।४० घटी असुली गरेको छ। यसरी

तोकिएको परिमाणमा नदीजन्य पदार्थको बिक्री भएको अवस्थामा घटी वातावरण शुल्क असुल हुनु उपयुक्त होइन । मौज्दात् वाकी रहेकोले बातावरण शुल्क कम उठेको पालिकाले जनाएतापनी यथार्थ अभिलेख तयार हुनुपर्दछ ।

७१ **अन्य आय**

पालिकाले नदीजन्य पदार्थको ठेक्का लगाउने प्याकेज बाहेक मागमा आधारित नदीजन्य पदार्थ संकलन तथा प्रसोधन गर्ने प्रयोजनका लागि अन्य आय पटके पास उपलब्ध गराई बिक्री वितरण गरेको छ। २०८०।१२।१८ को सूचना अनुसार मनहरी खोलाको माथिल्लो भागबाट उत्खनन हुने नदीजन्य पदार्थको २३९७८८ घनमिटर बराबरको बिक्री योजना अनुसार पहिलो अनुमति पास अनुसार ३१९३२ घन मिटर उठाई रु ३२१४८००।- दोस्रो अनुमतिमा १७५७०८ घनमिटर उठाई रु १५९६६००।- र तेस्रो अनुमतिमा ३२१४८ घनमिटर उठाई रु ८७८५४००।- समेत रु. १३५९६८००।- राजस्व आय असुल गरेको विवरण पेश भएको छ।

| क्र. सं . | माग कर्ताको नाम | प्रयोजन | माग गरिएको परिमाण घ. मी . | संकलन भण्डारण अनुमती | परिमाण | प्राप्त उत्खनन शुल्क | परिमाण घ. मि . |
|---|---|---|---|---|---|---|---|
| 1. | स्वस्तिक क्रसर उद्योग प्रा. लि. मनहरी ९ | प्रशोधन | ५०००० | २६०२० | ३१८० | १९६०००० | ३६०२० |
| 2. | आफ्नै बालुवा उद्योग मनहरी ९ | प्रशोधन | ५०००० | २४००० | ३३६० | १००८६०० | १६८१२ |
| 3. | दारिमवास कसर बालुवा वासिङ एण्ड सप्लायर्स प्रा. लि. मनहरी ८ | प्रशोधन | १५००० | १०००० | २६४० | ६३२००० | १०००० |
| 4. | कामनी कसर रोडा तथा बालुवा उद्योग मनहरी ८ सिम्पानी | प्रशोधन | ६०००० | ४५०६० | ४२६० | २४६६००० | ४५०६० |
| 5. | बर्तौला बालुवा उद्योग मनहरी ८ सिम्पानी | प्रशोधन | ५००० | ४००० | ६९६ | ६९६०० | ६९६ |
| 6. | ओमशान्त बालुवा उद्योग मनहरी ८ सिम्पानी | प्रशोधन | ५०००० | १९५५२ | ४१५२ | ११८५२०० | १९५५२ |
| 7. | सन्तोषी बालुवा उद्योग मनहरी ८ सिम्पानी | प्रशोधन | ३०००० | १५००० | ४२०० | ९६०००० | १५००० |
| 8. | चतुर्मुखी क्रसर तथा बालुवा प्रशोधन उद्योग प्रा.लि. मनहरी ८ | प्रशोधन | ८०००० | ६०००० | ३०१२ | ३१५०६०० | ६०००० |
| 9. | जनसेवा कसर बालुवा उद्योग प्रा. लि. मनहरी ८ | प्रशोधन | ९०००० | ३२२८० | ३४८० | १७८८००० | ३२२८० |
| 10. | जय मनहरी वालुवा उद्योग प्रा.लि. मनहरी ८ | प्रशोधन | ६०००० | ५००० | १२०० | १८०००० | २४०० |
| 11. | मनहरी कसर उद्योग प्रा.लि. मनहरी ८ | प्रशोधन | ८०००० | ० | ० | ० | ० |
| 12. | दुर्गा लक्ष्मी एग्रिगेट्स प्रा. लि. मनहरी ८ | प्रशोधन | २५००० | १५०० | ७६८ | ७६८०० | ७६८ |
| 13. | दाङसिङ सेण्डको इण्डष्ट्रिज मनहरी ८ | प्रशोधन | २७००० | ४००० | १२०० | १२०००० | १२०० |
| | | | ६२२००० | २४६४१२ | ३२१४८ | १३५९६८०० | २३९७८८ |

पालिकाले नदिजन्य पदार्थको विक्रि वितरण समयमा नै ठेक्काको प्रकृया शुरु गरेर ठेक्का व्यवस्थापनवाट नदिजन्य पदार्थको आय संकलन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## ७२ नीति तथा कार्यक्रम कार्यान्वयन

गाउँसभामा पेश भएको २०८०।८१ को नीति तथा कार्यक्रममा स्थानीय तहको योजना तर्जुमा दिगदर्शन २०७५ का आधारमा रणनैतिक महत्वका पाँचवटा ठूला पुल, ६ वटा वडा कार्यालय भवन, पाँचवटा सामुदायिक स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न गर्ने, वडाका एक उपयुक्त स्थानमा नागरिक आरोग्य केन्द्र तथा १५ शैयाको अस्पताल निर्माण जस्ता पूर्वाधारका योजना सम्पन्न गर्ने, गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्ने, सिमसार क्षेत्रको निर्माण, कोल्ड स्टोरेज निर्माण जस्ता गौरवका योजनाहरूको कार्यसम्पन्न गर्ने जस्ता कार्यक्रम पेश भएकोमा कुनै पनि योजना सम्पन्न हुन सकेका छैनन् । वातावरण विपत् व्यवस्थापनतर्फ नदी किनारका जगामा Riverine

forest विकास गर्न नरिबल बगैँचा निर्माण गर्ने, विपदकोष स्थापना लगायतका कार्यक्रम प्रस्ताव गरेकोमा कार्यान्वयन अवस्था सन्तोषजनक छैन। अधिकांश पूर्वाधार निर्माणका कार्यहरू सुरु नै हुन नसकेका, केही ठेक्का प्रक्रियामा अल्झेका, केहीमा जग्गाको स्वामित्व विवादका कारण कार्यान्वयन रोकिएको अवस्था देखिन्छ।अत पालिकाले कार्यान्वयन योग्य कार्यक्रम प्राथमिकीकरणका आधारमा आयोजना बैंकमा प्रविष्ट गरेर त्यहाँबाट स्वीकृत योजना क्रमश बजेट समेतलाई ध्यानमा राखी कार्यान्वयन गर्ने तर्फ पहल हुनुपर्दछ।

### ७३ सुरक्षित नागरिक आवास कार्यक्रम

सुरक्षित नागरिक आवास कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि २०७६ को नियम १५ को व्यवस्था अनुसार कार्यक्रम लागु हुने स्थानीय तहबाट कार्यविधिको नियम ४ अनुसार लाभग्राही छनोटका लागि स्वीकृत भएका घर संख्या १४१ घर निर्माणका लागि नियमानुसार कार्यक्रम स्वीकृत भएको सोमध्ये २०७८।७९ मा ७१ घरधुरी, २०७९।८० मा ७० घरधुरीको घर निर्माणको कार्यक्रम सञ्चालन भएको निम्न अनुसार भुक्तानी भएको विवरण पेश भएको छ ।

| आर्थिक वर्ष | प्रतिशत | किस्ता | संख्या | रकम |
|---|---|---|---|---|
| आ. व . २०७८।०७९ | ६०.००% | प्रथम किस्ता | ७१ | २५५६००० |
| आ. व . २०७९।०८० | ६०.००% | प्रथम किस्ता | ७० | ३१५०००० |
| | | जम्मा | १४१ | ५७०६००० |
| दोश्रो किस्ता | | | | |
| आ. व . २०७८।०७९ | ४०.००% | दोस्रो किस्ता | ५४ | १७०४००० |
| आ. व . २०७९।०८० | ४०.००% | प्रथम किस्ता | ५४ | २१००००० |
| | | जम्मा | १०८ | ३८०४००० |

उपरोक्त अनुसार ५४ घरधुरीले प्रथम किस्ता रकम जस्ता पाता/ काठ खरिद गरी घर मर्मत कार्य सम्पन्न गरेको खर्चको विवरण पेश गरी फरफार गरेको, बाँकी ८३ घरधुरीले सम्झौता अनुसार (४१ जना ×२०००० र ४२ जना × ३०००० दरले सम्झौता भएको) प्रथम किस्ता लगेर घर निर्माण नगरी हालसम्म दोस्रो किस्ता बापतको रकम माग नगरेकोले भुक्तानी हुन बाँकी देखिन्छ। प्रथम किस्ता बापतको अनुदान कार्यान्वयनको सम्झौतामा तोकेअनुसार खर्च प्रमाणित हुने कागजातहरू समेत पेश भएको देखिएन । निज लाभग्राहिले दोश्रो किस्ता रकम माग समेत गरेको नदेखिदा प्रथम किस्ता भुक्तानी लिएका घरधुरीको निर्माण कार्यको पालिकाबाट अनुगमन समेत हुन सकेको देखिएन। नियम अनुसार प्रथम किस्ता अनुदान लिएका घरधनीले तोके बमोजिमको रकम घर निर्माण/मर्मत कार्यमा उपयोग गरेको निश्चित हुने आधार समेत देखिएन । अत: प्रथम किस्ता भुक्तानी लिएका लाभग्राहीको अनुगमन गरी उक्त किस्ताको अनुदान घर निर्माण/मर्मतमा उपयोग नगरी दोस्रो किस्ता नै माग नगर्ने लाभग्राहीबाट सम्झौता अनुसार घर मर्मत नगरेका घरधनिवाट उक्त प्रथम किस्ताको रकम रु ३५२०७२३।- फिर्ता हुनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,२०,७२३ |

### ७४ मनहरी अस्पताल निर्माण

ठे.नं.१३ NCB 2077/078, मनहरी अस्पताल (१५ सैया) निर्माणको ठेक्का रकम रु. १०१५२११४३।४९ (vat समेत) मा निर्माण व्यवसायी बुद्ध सिवाको, पुष्पाञ्जली जेभी काठमाडौँ (Pan No. 6/6405202) सँग २०७८ श्रावण २६ गते ठेक्का सम्झौता सम्पन्न भएको देखिन्छ। सम्झौता मितिले २४ महिनाभित्र अर्थात् २०८०।४।२९ सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्ने गरी कार्यादेश भएकोमा ठेकेदारले स्वीकृत कार्यान्वयन तालिका अनुसार निर्माणको कार्य प्रगति गर्न नसकी ठेक्काको म्याद गुज्रेको देखिन्छ । हालसम्म उक्त ठेक्काको

२१% सम्म मात्र भौतिक प्रगति गरेको, गत वर्षसम्म रु १३८७८३११।३५ तथा यस वर्ष चौथो रनिङ बिलबाट रु.४०५७३८२।५२ समेत हालसम्म रु १७९३८६९३।८७ भुक्तानी लिएको अवस्था छ। ठेक्काको हालसम्म दुईपटक गरेर २३ महिनामा म्याद थप भएको तर निर्माण कार्यको प्रगति हुन नसकेको अवस्था छ। ठेक्का सम्झौताको १०० प्रतिशत सम्म म्याद थप गर्दा समेत २०% भौतिक प्रगति मात्र भएको अवस्थामा थपिएको म्यादभित्र निर्माण कार्य सम्पन्न गर्न आवश्यक निर्देशन दिई समयमा ठेक्का सम्पन्न गरी अस्पतालको सेवा प्रवाह सुचारु गर्नेतर्फ जिम्मेवार पदाधिकारी जवाफदेही हुनुपर्दछ।

७५ **धरौटी**

धरौटीतर्फ गतबर्ष जिम्मेवारी सरी आएको रु. २०७३७३०२ र यो बर्षको आम्दानी रु. १०१६७८९२ यो वर्ष फिर्ता खर्च भएको रु.४४६८०१० घटाउदा बाँकी रु. २६४३७१८४ मौज्दात रहेको छ ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६६(१) बमोजिम कार्यालयमा जम्मा गरेको धरौटी नियम ६५ बमोजिम दाखिला नहुने भएमा त्यस्तो धरौटी रकम सम्वन्धित व्यक्तिले फिर्ता पाउने व्यवस्था उल्लेख छ।सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२) मा निर्माण व्यवसायी आपुर्तिकर्ता तथा सेवाप्रदायकले आन्तरीक राजश्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश गरेपछि रिटेन्सन मनि फिर्ता दिनुपर्ने उल्लेख छ । पालिकाले निम्नअनुसार फर्महरुको धरौटी फिर्ता दिँदा सम्बन्धित आान्तरीक राजश्व कार्यलयमा आय विवरण पेश गरेको प्रमाण वेगर धरौटी फिर्ता दिएको देखीएकोले उक्त फर्मको मु.अ. कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

| गो भौ नं/ मिति | नाम | रकम रु |
|---|---|---|
| ५।२०८०।०७।१ | गुरुकुल बिल्डर्स एण्ड सप्लायर्स | २४४००० |
| ८।२०८०।८।१७ | गुरुकुल बिल्डर्स एण्ड सप्लायर्स | २२४००० |
| २१।२०८०।०९।१७ | रत्नकुमारी एण्ड सन्स विल्डर्स | ३२५५७४ |
| २२।२०८०।०९।२४ | निर्पन निर्माण सेवा प्रा लि | ४९५९२५ |
| २५।२०८०।०९।२६ | नासा सप्लायर्स | ५९३२५ |
| ३२।२०८०।१०।१७ | जय भैरव निर्माण सेवा | ३७५३६५ |
| ३५।२०८०।११।२४ | प्रेरक कन्ट्रकसन एण्ड प्रिक्याव होम्स प्रा लि | २४५८९६ |
| ४२।२०८१।०२।२३ | क्यान्डेला मेडि कन्सर्न | ६९४२० |
| जम्मा | | २०३९५०५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,३९,५०५ |

७६ **विल भर्पाइ**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजातसंलग्न हुनुपर्दछ। पालिकाले विभिन्न कार्यक्रम सञ्चालन गरि भुक्तानि भएकोमा सम्बन्धित विल भर्पाई संलग्न नभएकाले सोको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु.

| गो भौ नं/ मिति | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १०३०।२०८१।०२।०३ | पशुप्रजनन् कार्यालय बाट खरीद भएको तरल नाईट्रोजन २४५ लिटर | ७३५० | दाखिला नभएको |
| १४०३।२०८१।०३।१९ | वडा ३ को खेलकुलद सामाग्री खरीद भर्पाई नभएको | २३४००० | वितरण भर्पाई नभएको |

| प्रमाण पेश नगरेको | २,४१,३५० |
|---|---|

७७ **कार्यक्रम खर्च**

प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ को दफा १२ को उपदफा (२) को अनुसुचि ३ मा सार्वजनिक निकायबाट हुने गोष्ठि, सेमिनार, सम्मेलन तथा कार्याशालाका लागि कार्यक्रमको तर्फबाट खाजा तथा खानाको व्यवस्था भएकोमा नियमअनुसार पाउने दैनिक भ्रमण भत्ताको ७५ प्रतिशत मात्र पाउने व्यवस्था उल्लेख छ । पालिकाले सामाजिक सुरक्षा र घटना दर्ता तालिममा देहायका प्रशिक्षकहरुलाई कार्यक्रमको तर्फबाट खाना तथा खाजाको व्यवस्था भएको अवस्थामा समेत शतप्रतिशत भ्रमण भत्ता भुक्तानि भएकोले बढि भुक्तानि रकम सम्बन्धितबाट असूल हुनुपर्ने रु.

| गो भौ नं/ मिति | नाम | भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी |
|---|---|---|---|---|
| १०३५।२०८१।०२।०३ | मेघराज शंकर | १०००० | ७५०० | २५०० |
| १०३५।२०८१।०२।०३ | जिवन्त कुमार महरा | १०००० | ७५०० | २५०० |

| असुल गर्नुपर्ने | ५,००० |
|---|---|

७८ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,४७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१४,४३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

७९ **टुक्रे खरिद**

सार्वजनिक खरीद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले वस्तु वा सेवा खरीद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरीद गर्नु हुदैन भन्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा रु. १० लाख रुपैया सम्मको खरीद कार्य सोझै गर्न सकिने रु. १० लाख भन्दा माथि रु.२० लाख सम्म शिलबन्दि दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आ.व. मा निम्नानुसारका लामाटार कार्यालय भवन निर्माण कार्य प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरीद गरेको पाईयो । अतः प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरीद गरेको कार्य नियमसम्मत देखिएन । यसमा सुधार गर्नुपर्दछ ।

| गो भौ नं र मिति | | फर्म | काम | भुक्तानी रकम |
|---|---|---|---|---|
| ७१७ | २३/०३/२०८१ | सप्तलक्ष्मि विल्डर्स | लामिटार कार्यालय कोठा | ९९४८०६ |
| ३८२ | १९/१२/२०८० | सगरमाथा ईन्टेरियर | नगरप्रहरी आवास लामाटार | ३३८६२६ |
| ७०६ | २३/०३/२०८१ | ईतिहास निर्माण सेवा | लामिटार कार्यालय कम्पाउण्ड | ४९४०३३ |
| ६५८ | २०/०३/२०८१ | अनन्त कन्स्ट्रक्सन | लामिटार कार्यालय कम्पाउण्ड | ९९००३५ |
| ९३ र ९१ | ०८०/७/१५, ०८०/७/१ | न्यु किरण निर्माण सेवा | लामिटार कार्यालय भवन दोश्रो तला | ९६२७३० |
| ४९१ | ३१/०१/२०८१ | एक्स्ट्रा इनर्जी एण्ड कन्ट्रक्सन प्रा.लि. | लामिटार कार्यालय खानेपानी तथा डिप बोरिङ | ५५२०७२ |
| २६ | २६/०४/२०८० | पुडासैनी निर्माण सेवा हेटौडा ३ | भवन निर्माण खर्च | ३७६००० |
| | | | जम्मा | ४७०८३०२ |

## ८० पाईप सोझै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ८५ प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाहरूले यो वर्ष पुँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि बीना सोझै पटक पटक पाईप खरिद तथा निर्माणको काम गरेको छ । थप प्रतिस्पर्धि वनाई मितव्ययीता कायम गर्नुपर्दछ ।

| मिति | गो भौ | विवरण | रकम |
|---|---|---|---|
| २३/०६/२०८० | ७१ | एच.एण्ड एस.सप्लायर्स मनहरी ९ रजैया | ४७१४५ |
| २१/०८/२०८० | ११२ | त्रिवेणी कंक्रिट प्रोडक्टस प्रा.लि भरतपुर ४ लाई भुक्तानी लेखा | ४७०९८४ |
| ११/१०/२०८० | २०२ | गोदावरी आइरन स्टोर्स प्रा.लि.हेटौडालाई भुक्तानी लेखा | ४४५५८१ |
| १८/११/२०८० | २८९ | गोदावरी प्लाष्टो क्राफ्ट इण्डष्ट्रिज प्रा.लि.हेटौडालाई भुक्तानी लेखा | २७८८२७ |
| २२/११/२०८० | ३०२ | लामिटार खानेपानी पाईप खरिद उपभोक्ता समिति मनहरी-३ | ९६९३९ |
| १८/१२/२०८० | ३७४ | सिम्पानी खानेपानी तथा सरसफाई उपभाक्ता समिति तथा मनहरी गादावरी प्लाष्टो क्रफ्ट इण्ड.प्रा.लि हेटौडा | ४५७२९९ |
| २८/०१/२०८१ | ४८५ | आबश्यक HDPE पाईप खरिदको रकम कालिका मल्टी कन्सर्न हेटौडा ८ | ८३७९१७ |
| ०४/०३/२०८१ | ५८८ | सिम्पानी खानेपानी तथा सरसफाई उ.स.मनहरी ८ ए.एस.ट्रेर्ड एण्ड सप्लायर्स हेटौडा ४ लाई भुक्तानी लेखा | २९५८२९ |
| १९/०३/२०८१ | ६५० | का.स.टोपबहादुर मल्ललाई भुक्तानी लेखा | १३७३९ |
| २३/०३/२०८१ | ७२० | टि.एण्ड बि. सप्लायर्स | ७३६९२ |
| २३/०३/२०८१ | ७२६ | मनहरी वडा नं. ३ का २ वटा साना योजनाहरुका लागि पाईप खरिद आर.ए.ट्रेड एण्ड सप्लायर्सलाई भुक्तानी | २४५०२ |
| २४/०३/२०८१ | ७४६ | सलग्न कागजात बिल भर्पाई अनुसार वडम नं ५ र ९ जोड्ने राप्ति खोलामा राख्नमा लागेको खर्च रकम भुक्तानी | ९९००० |
| | | जम्मा | ३१४१४५४ |

## ८१ प्रदेश सशर्त पुँजीगत

ठेक्का नम्बर ०२, ०८०/८१ पालिका स्तरीय वार्ड नं २ को सडक स्तरीकरण गर्ने कार्यको निर्माण व्यवसायी सेर्सेकाली ग्रुप प्रा.ली.संग रु.११५५२३१२।२२ मा २०८०।९।२ मा सम्झौता भई २०८१।१।३० भित्र कार्य सम्पन्न गर्नु पर्ने गरी कार्यदेश भएको छ । ठेकेदारले तेस्रो तथा अन्तिम रनिङ बिलसम्म रु ११७९०४७०।२३ भुक्तानी भएको श्रेस्ता परीक्षणका क्रममा निम्न व्यहोरा देखिएका छन्।

८१.१ **(क) विमा** - BOQ Items मा बीमा बापत समावेश भएको १२२१२२।- मध्ये अन्तिम रनिङ बिलबाट ठेकेदारले २०८०।११।१ को कर विजकमा नै पि एस आइटम्स भनी बीमाको रु ४५००० खर्च भुक्तानी भएको छ। प्रदेश आर्थिक कार्यविधि २०७६ को नियम ३७ अनुसार पिएस आइटम्सको सम्बन्धित खर्चको बिल बिजकको आधारमा यस्ता रकम भुक्तानी दिनुपर्ने तोकेकोमा बीमाको tax invoice वेगर गएको भुक्तानी रु. ४५०००।– को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,००० |

८१.२ **(ख)** सार्वजनिक खरिद ऐन २०६३ मा योजनाको लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने महत्वपूर्ण पक्षमा समय व्यवस्थापनलाई लिएको छ। निर्माण कार्यको लागि वास्तविक रुपमा लाग्ने समय मापन गर्ने नर्म्स नभएकाले ठेक्का सम्झौतामा अनुमानका आधारमा ठेकेदारलाई अनुमानित समय तोकी कार्यादिश दिने प्रचलन रहेको छ। निर्माण कार्यको वास्तविक खर्चीने समय निर्धारण गर्न नसक्दा कहिले मूल्य समायोजनको मारमा योजनाको लागत थपिने त कहिले बोनस दिइ थप लागत बढ्ने जस्ता विकृति देखिएको अवस्था छ । अत: पालिकाले ठेक्का सम्झौतामा निर्माण अवधिको समय मापनको लागि खास खास आधार तोकी सो अनुसार ठेकेदारले पेश गर्ने

ठेक्का कार्यान्वयन तालिकासँग भिडान समेत गर्ने गरेको छैन। समय व्यवस्थापनमा देखिने यिनै कमीकमजोरीको फाइदा उठाउँदै ठेकेदारले आयोजना कार्यान्वयनको कार्यतालिका म्यानपुलेट गर्ने र मूल्य समायोजन, बोनस जस्ता दाबी गरी योजनाको लागत वृद्धि गराउँदै आएको अवस्था छ। उक्त ठेकेदारको सम्झौतामा सम्पन्न गर्नुपर्ने ठेक्काको म्याद चार महिना मात्र राखेको, निर्माण कार्यको स्वीकृत तालिका पेश नगरेको अवस्थामा २०८०।१।१५ मा एक महिना १३ दिनमा नै सम्झौता सम्पन्न गरी सम्झौताको GCC 56.1 अनुसारको बोनस दाबी गरी ९० दिनअघिको प्रतिदिन ठेक्का अङ्क १००१०५४१।७१ (vat ps बाहेक) को प्रति दिन ५०४५।२७ ले हुने रु.४५४०७४।३० थप भुक्तानी भएको छ। प्रोत्साहन स्वरूप दिने यस्तो बोनस भुक्तानीको प्रावधानलाई ठेक्का सम्झौताको समयमा दिने समयको एकुरेसीमा थप नियन्त्रणणात्मक प्रावधान राखी यथार्थ परक बनाउनुपर्दछ ।

८१.३ **(ग)भेरिएसन** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० अनुसार सम्झौताका बखत पूर्वानुमान लगाउन नसकिने परिस्थिति परि नयाँ काम थप हुने अवस्था आएमा सोको आधार कारण पुष्ट्याई समेतका आधारमा भेरिएसन आदेश जारी गरी जिम्मेवारी पदाधिकारीले यस्तो आदेश स्वीकृत गरी कार्यान्वयन गर्न सक्ने व्यवस्था छ। ठेकेदारले यस्तो भेरिएसनको आदेश माग नगरेको रनिङ बिलको भुक्तानीमा BOQ का आइटममा परिमाण थप गरी रु.२३८१५८ तथा सो को मु अ कर ३०९६०।५४ समेत रु. २६९११८।५४ भेरिएशन स्विकृत नगरी थप रकम भुक्तानी भएको छ । पालिकाले स्वीकृत सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्ने गरी अनावश्यक भेरिएसनको थप भुक्तानीलाई नियन्त्रण गर्नुपर्दछ।

८२ **बोनस भुक्तानी** (१८-):

ठे.नं. १, २०८०।८१, मानेडाडा रमौली मनहरी ७ को सडक स्तरीकरण निर्माणको कार्य रु ६०५०९२३।४७ (भ्याट समेत) मा २०८०।६।३० गते निर्माण व्यवसायी महारुद्र कष्ट्रक्सन प्रा.ली. (प्यान नं.३०३९०८३०८) सँग ठेक्का सम्झौता भएको छ । उक्त सडक स्तरीकरण कार्य २०८०।१२।३० भित्र सम्पन्न गर्ने गरी कार्यदेश भएकोमा ठेकेदारले उक्त निर्माण कार्यमा रु २९७७५०।९८ भेरिएशन थप गरी रिभाइज सम्झौता रु.६३४८६७४।४५ अन्तिम रनिङ बिलमा कायम गरी थप भुक्तानी समेत दिएको छ । निज ठेकेदारसँगको सम्झौताको शर्त अनुसार निर्माण कार्यतालिका स्विकृत नभएको अवस्था छ । सम्झौतामा उल्लेखित G.C.C 56.1 मा The bonus for the whole of the work is 50% of the final contract price भनी उल्लेख भएकोमा ४० कार्य दिन छिटो कार्य सम्पन्न गरेको भनी प्रति दिन contract price रु.५२३२६७७।- (vat ps वाहेक) को ०.०५% ले प्रतिदिन हुने २६१७।६६ ले ३० दिनको रु. ७८५२९।८० दिनु पर्नेमा ४० दिनको हिसाब गरी १०४७०६।४० भुक्तानी भएकोले १० दिन वढीको रु. २६१७६।६० असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,१७६ |

८३ **ज्यामिरे केराबारी सडक स्तरोन्नति कार्य**

ठे.नं. १, २०८०।८१, मनहरी वार्ड नं ८ र ९ स्थित ज्यामिरे केराबारी सडक स्तरोन्नतिको कार्य निर्माण व्यवसायी श्री डि.एन्ड.जी.एस.आर.जेभी भरतपुरसँग रु ११३४ १०८७.७९ (vat समेत) मा २०८०।१०।१८ मा सम्झौता भएको छ । २०८१।१।३० मा निर्माणको काम सम्पन्न गर्नु पर्ने गरी कार्यदेश भएकोमा ठेकेदारले दोस्रो रनिङ बिलसम्म रु.७२६० ९२२।१२ (भ्याट समेत) भुक्तानी लिएको देखिन्छ। निर्माण कार्यको २ पटक म्याद थप गरेर उक्त सडकको कार्य अलपत्र रहेकोमा लेखापरीक्षण अवधिसम्म पनि काम भईरहेको पालिकाले जवाफ दिएको छ । यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्

८३.१ (२६-२०८१-२-२६):

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,६०८,७२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

८३.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,३६५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८४ **फोटोकपी विल** (१५६-२०८०-९-१९):

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । पालिकाले हाडिखोला पुल निर्माण वापतको तेश्रो विल (विजक नं ०१।९।१९) भैरव नारायण ज्ञानेश जे भि लाई रु.६३३६९९१ भुक्तानीमा फोटोकपि विल संलग्न गरी भुक्तानी दिएको पाईयो । सो भुक्तानीको सक्कल कर विजक पेश हुनुपर्ने अन्यथा सो कर विजकवाट भुक्तानी भएको मुल्य अभिवृद्धि कर रु.७२९०२४ समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२९,०२४ |

८५ **नापि किताब पेश नभएको** (१६३-२०८०-९-२४):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । पालिकाले एच एण्ड एस सप्लायर्सवाट ९५०३७४ भुक्तानी गरी फरक फरक साईजका ७ प्रकारका पाईप खरिद गरेकोमा सो प्राविधिकवाट उक्त पाईप Laying and Jointing को कार्य गरी खर्च भएको योजनागत नापि किताव पेश नभएकोले नापि किताव पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,५०,३७४ |

८६ **परामर्श सेवा**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । पालिकाले सेवा र परामर्श शिर्षक अन्तर्गत (गो भौ नं १५२०।३।२३) गाउँपालिकाको पञ्चवर्षिय योजना तयारी वापत ईन्जिक ग्रुप अफ कम्पनी प्रा ली लाई ११३४९६४ भुक्तानी भएको छ । पालिकाले आफ्नो आवश्यकता, बजेट, आन्तरिक श्रोत समेत विश्लेषण गरी कर्मचारी पञ्चवर्षिय योजना तयारी आफै गर्नुपर्नेमा यस्ता कार्यक्रमहरु कन्सल्टेन्ट मार्फत गराउदा पालिकालाई थप व्ययभार परेको छ । यसमा सुधार हुनुपर्दछ ।

८७ **विमा नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक बीस लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको सम्झौता भएकोमा सो काम गर्न व्यवस्था गरिएका कार्यहरुमा व्यक्तिगत दुर्घटना, उपकरण र गरिने कामको वीमा गर्नुपर्नेमा उपभोक्ता समितिले गर्ने काममा विल अफ क्वाण्टिटिमा समेत विमा सम्बन्धी प्रावधान नै राखेको देखिएन । निर्माण कार्यको जोखीम न्यूनीकरणमा असर पर्न नदिन नियम वमोजिम वीमा गराउने कार्य अनिवार्य गर्नुपर्दछ ।

| योजना | सम्झौता रकम |
|---|---|
| छत्र पसल चोक देखि १ नं चोक | २०६०००० |
| खयरङ्बारी भुलचोक सडक | २५००००० |
| चकरी विष्ट टोल खा पा उ स | २५००००० |
| रमनटार सडक उ स | ३००००० |
| टासि फनचोक गुम्वा | ४२६९१०२ |
| हाँडीखोला ड्यामनिर्माण तथा खहरे उ स | २५००००० |
| कोल्डस्टोर निर्माण छेउ खोला तर्काउने काम उ.स | ३५३७५२३ |

## ८८ पालिका कार्यालयका काम उपभोक्ता समितिवाट गराएको

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय,रोजगारी श्रृजनागर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधिवाट निर्माण गर्नुपर्ने, आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार खर्च गरेको पाइयो। उपभोक्ता समिति मार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजना साथै जनचेनतना मुलक कार्यक्रमको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको लागी बोलपत्र आव्हान गरी गर्नुपर्ने कार्यहरु समेत उपभोक्ता समितिमार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी लाभग्राही समुदायमार्फत भवन निर्माण कार्य गराउनु नियमसम्मत देखिएन । यसमा सुधार गर्नुपर्दछ ।

| मिति/ गो भौ नं | विवरण | भुक्तानी रकम |
|---|---|---|
| १८३।१०।७ | शान्तिटोल अस्पताल कम्पाउण्ड तथा भवन उपभोक्ता समिति | १०००००० |
| ५२६।२।९ | मनहरी ट्रस निर्माण उपभोक्ता समितिवाट ट्राफिक प्रहरी भवन | १००००० |

## ८९ कार्यस्विकार तथा कार्यसम्पन्न प्रतिवेदन

सार्वजनिक खरिद नियमावली २०६४(एघारौँ संशोधन) को नियम ११७ को २(क) मा निर्माण कार्यको हकमा कम्तिमा नब्वे प्रतिशत भौतिक प्रगती भएको र आयोजनाको उद्धेश्यअनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा भएको अवस्था भएमा र सम्वन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्यस्विकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले मनहरी सुनाचुरी जोगिताल ६ को लागी डिप वोरिङ्ग निर्माणको कार्य एसियन वोरिङ्ग एण्ड कन्स्ट्रक्सनसँग रु.५०६३७३७ को लागतमा सम्पन्न गर्ने गरी मिति २०७९।११।६ मा सम्झौता भएकोमा पटक पटकको म्याद थप पश्चात् जम्मा रु.४०७५००४ (अर्थात् ८० प्रतिशत) को मात्र काम भएको पाईयो । यसरी सम्झौताको नब्वे प्रतिशत भन्दा कम काम भएको अर्थात् रु.९९१७९२ (२० प्रतिशत काम वाँकि रहेको) अवस्थामा समेत कार्यस्विकार प्रतिवेदन जारी गरी अन्तिम भुक्तानी गरेको पाईयो । यसरी पालिकाले नियममा भएको व्यवस्था विपरित कार्यस्विकार तथा कार्यसम्पन्न प्रतिवेदन जारी गरी अन्तिम भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,९१,७९२ |

## ९० सार्वजनिक परिक्षण

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई दिगो भरपर्दो र प्रभावकारी वनाई स्विकृत कार्यक्रमको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था वमोजिमको कार्य

भएको देखिएन । ऐनमा तोकिएकमोजिम आफ्ना खर्च भएका योजना कार्यक्रमहरुको सार्वजनिक परिक्षण एवं सो को सार्वजनिक सुनुवाई गरी पालिकावाट हुने आर्थिक कारोवारमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

## ९१ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर पालिकामा उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## ९२ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १८ देखी ४७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक दररेट स्विकृत भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा दुविधा थपिएकोले एकिन गर्नसक्ने अवस्था, आधार, कारण उपलव्ध भएन । यस सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको एकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा ठेक्का कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| ठेक्का नं | निर्माण व्यवसायी | योजना | सम्झौता | लागत अनुमान | घटि प्रतिशत |
|---|---|---|---|---|---|
| BLDG/NCB/MAN-09/080-81 | श्री तामाकोशी ढाचा निर्माण सेवा जे.भी | गाउँपालिकाको प्रशासनिक भवन निर्माण | ८२८०६१७८ | १११०५१८९९ | २५ |
| WS/NCB/MAN-07/080-81 | Alive construction | Nirmal Basti Water Supply Project | ११६४५७९ | १४९२७४५ | २२ |
| WS/NCB/MAN-06/080-81 | M/S Pakhrin / Sharamshakti J/V Hetauda -11 | EXTENSIVE WATER SUPPLY PROJECT OF SUNACHURI JOGITAL WARD NO. 6 | ६०९६४९७ | ९७६५०७६ | ३८ |
| UGR/NCB/MAN-05/080-081 | Contractor: Sochan Shiristi Nirman Sewa | Upgrading Of Road at Ward No.8 | ११३४१०८८ | १९९९८१९९ | ४३ |
| UGR/NCB/MAN-02/080-081 | M/S SYARSEKALI GROUP PVT.LTD. | UPGRADING OF ROAD AT WARD N0- 2 MANAHARI | ११५५२३१२ | १७५७९८०६ | ३४ |
| WS/NCB/MAN-03/080-081 | M/S Pajita Nirman Sewa Hetauda-2 Makwanpur | Mathilo Masine Water Supply at Ward -4 Manahari | ५५६७४३३ | ६७४८५६४ | १८ |
| UGR/NCB/MAN-01/080-81 | M/S Maha Rudra Construction | UPGRADING OF MANEDANDA RAMAULI ROADMANAHARI-7 | ६०५०९२३ | ९६५३३२८ | ३७ |
| BRIDGE/NCB/MAN-39-2076/77 | M/S Bhairab-Narayanam - Gyanesh J/V | Construction of Pre-stressed Single-span Bridge (1x35m Span) at Handikhola | ५३५५११५२६ | ८११५८१४१ | ३४ |
| BRIDGE/NCB/MAN-38-2076/077 | HIRACHAN-BANIYA J/V | CONSTRUCTION OF PRE-STRESSED MULTISPAN BRIDGE (2X30M SPAN) AT TWANGRAKHOLA | ६४९६०८४० | १०२८०४६८३ | ३७ |
| BRIDGE/NCB/MAN-37-2076/77 | HIRACHAN-BANIYA J/V | Construction of Pre-stressed Multispan Bridge (2x35m Span) Masine khola | ६५९४००६४ | १०४०२०६१९ | ३७ |
| BRIDGE/NCB/MAN-36-2076/077 | HIRACHAN-BANIYA J/V | Construction of Pre-stressed Multi-span Bridge (3x30m Span) at Thadokhola | ८६७०५२२९ | १३६७९७८५६ | ३७ |
| BRIDGE/NCB/MAN-40-2076/077 | HIRACHAN-BANIYA J/V | CONSTRUCTION OF PRE-STRESSED MULTISPAN BRIDGE (3X30M SPAN) AT CHYAPALKHOLA | ६२८९८१५९ | १००६७९३४७ | ३८ |
| BLDG/NCB/MAN-26/079-80 | पुडासैनि निर्माण सेवा | कार्यालय भवन | ४२३५७७४ | ६३४७७८३ | ३३ |
| BLDG/NCB/MAN-13-2077/78 | निर्माण सेवा | मनहरी अस्पताल | १०१५२११४३ | १९१६१८५६३ | ४७ |
| UGR/NCB/MAN-01/080-81 | डी एंड जी एस आर जेभी | ज्यामिरे केरा बारी सडक निर्माण | १५६७१४११ | २१९९७३८१ | २९ |
| BLDG/NCB/MAN-21 -207 9 /8 0 | Himalayan-Namobuddha J.V. thamel-26Kathmandu | Manahari Cold Storage Building Construction Works Ward no- 3 ManahariMakwanpur | ६२८४५०४० | ७६९४१४४८ | १८ |

९३ **प्रोग्राम अपडेट**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को नियम ६ ख मा निर्माण व्यवसायीले खरिद सम्झौताको शर्त वमोजिम कार्यसम्पन्न नगरेमा भुक्तानी नदिने उल्लेख छ । ठेक्का सम्झौताको General condition of contract अन्तर्गत Scc को Gcc समेतमा निर्माण व्यवसायिले कामको तोकिएको दिनमा Program Update पेश गर्नुपर्ने अन्यथा प्रोग्राम अपडेट वापतको रकम रोक्का गर्ने व्यवस्था छ । तोकिएको समयमा प्रोग्राम अपडेट पेश नभएको, पटक पटक म्याद थप भएको (४ पटक गरी २५ महिनासम्म थप) र उक्त समयमा समेत सम्झौताको कार्यसम्पन्न हुन नसकेका निम्नानुसारका ठेक्काहरुमा प्रोग्राम अपडेट अवधि दिन तोकेको तथा सो वापतको

रकम उल्लेख भएकोमा समेत कार्यालयमा प्रमाणित अभिलेख वेगर निर्माण व्यवसायिसँग भएको ठेक्काको प्रोग्राम अपडेट पेश नगरी योजनाको निर्माणको अवस्था अद्यावधिक प्रतिवेदन सामयिक रुपमा नलिई म्याद थप गर्नुपर्ने अवस्था आई भुक्तानी समेत गरेकोले नियमसम्मत नदेखिएको रु.

**(विस्तृत विवरण बेरूजु दफा ९३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | ११,३०,००० |

९४ **अध्ययन प्रतिवेदन तथा डीपीआर खर्च**

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा खर्च लेखेको पाईयो । बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना, डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्नानुसार परामर्श शुल्क भुक्तानी गरेकोमा सो अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत रकम समेत सिफारिस गरेको छ । स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | कुल खर्च रु | फर्म | योजनाको लागत अनुमान |
|---|---|---|---|---|
| १ | मनहरी गाउँपालिका वडा नं. ६ स्थित प्रतापुरको १० मि बाटो | ४, ९१ , ५५०.०० | हेरिटेज कन्सल्टेन्ट | १६४२५४८०.७५ |
| २ | वडा नं.९ मा पर्ने राधाकृष्णा मन्दिर | २, ९५ , ०७४ /६९ | श्री अधिकारी कन्स्ट्रक्सन | २२९५६७८२.०२ |
| ४ | निर्मलबस्ती बृहत खानेपानी | ४९३८१० | हर्ज इन्जीनियर | ३३१०६१५२.०४ |
| ५ | द्वाड्ग्रा टोलमा कालिका पार्क | ४९४६८२.२२ | स्किल नोक्स | ७६८१४३९१. |
| ६ | RAJAIYA BASTI BASAAU BYPASS ROAD, RAJAIYA-09 | ४३७६२८. | Risers Consulting and Construction Pvt. Ltd | २९५९८६७३.८२ |
| ७ | वडा नम्बर -४ कार्यालय भवन | ७ , ९१ , ००० /०० | आकार इन्जिनियर | २६५९०५२०.३४ |
| ८ | Bankatariya tole to Jyamire Dobhan in Manahari rural Municipality Ward | ९८३६६५. | अल्फा बिटा इन्जिनियर | १८५५८४१९६.१२ |
| १० | Chakari Khola Bridge at Manahari, Makwanpur | | Sajonit Engineering Consultancy Pvt. Ltd. | १०४२७८५१६.४६ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (क) मा परामर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको र यस्ता प्राविधिक प्रतिवेदन तथा डिपिआर पालिकाकै जनशक्तिवाट गराउनेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ । यसरी खरिद गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वियनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन । यसमा ध्यान दिनुपर्ने देखिएको छ ।

९५ **म्याद नाघेको पेस्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक बिल, भरपाई र कागजातसहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने व्यवस्थf छ । सोही नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्स्योटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाई असुल गरिने उल्लेख छ । पालिकामा नियमानुसार भ्रमण, पारिश्रमिक, कार्यक्रम सञ्चालन जस्ता प्रयोजनको लागी लिएको पेश्की वर्षान्तसम्म फछ्र्यौट् नभई बाँकि देखिन्छन् । पालिकाको सुत्र प्रणालीअनुसार आ व २०८०।८१ सम्म म्याद नाघेको रु.३६३५९३०४ र म्याद ननाघेको रु.५१४३०५१ समेत कुल रु.४१५०२३५५ रहेको जनाएकोमा लेखापरीक्षण अवधिसम्म फर्छयौट् भई हालसम्म म्याद नाघेको पेश्की रु.११२३४००० फछ्र्यौट् भएको देखिएन । नियमावलीको व्यवस्थाअनुसार पालिकाले प्रयोजन समाप्त भएका पेश्कि असुल फछ्र्यौट् गर्नु गराउनुपर्ने रु.

| क्र.सं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद नाघेको पेश्कि |
|---|---|---|---|
| १ | अ. स्तरको का. सहभागिता | वडा अध्यक्ष, अनन्त प्रकाश अर्याल | १२५००० |
| २ | अ. स्तरको का. सहभागिता | वडा अध्यक्ष, दिपेन्द्र अधिकारी | १२५००० |
| ३ | अ. स्तरको का. सहभागिता | वडा अध्यक्ष, नारायण उप्रेती | १२५००० |
| ४ | अ. स्तरको का. सहभागिता | वडा अध्यक्ष, राजकुमार श्रेष्ठ | १२५००० |
| ५ | अ. स्तरको का. सहभागिता | बरिष्ठ लेखा अधिकृत, राजेन्द्र भट्टराई | १२५००० |
| ६ | कोल्ड स्टोर निर्माण | हिमालयन-नमोबुद्ध जे भी | २७३८००० |
| ७ | कोल्ड स्टोर निर्माण | हिमालयन-नमोबुद्ध जे भी | २७३८००० |
| ८ | पशुहरुको औषधि खरिद माहामारी | हेडम्वा भेट फर्मा | २००००० |
| ९ | परामर्श खर्च | नेपाल इन्जियरीङ रिसर्च एण्ड एडमिनिस्ट्रेटीभ | २५०००० |
| १० | आर्थिक सहायता | ग्रामिण जिवनस्तर सुधार मञ्च | २००००० |
| ११ | वडा नं.२ र ३ जोड्ने कामीडांडा बाटो मर्मत योजना मनहरी ३वडा नं.२ र ३ जोड्ने कामीडांडा बाटो मर्मत उ.स. मनहरी ३ | वडा नं.२ र ३ जोड्ने कामीडाँडा बाटो मर्मत उपभोक्ता समिति, मनहरी ३ | २५०००० |
| १२ | अमानतमा नदिजन्य पदार्थ कर संकलन तथा उत्खनन व्यवस्थापन | जोगिताल बस्तीसंरक्षण अस्थाई तटबन्धन | १५०००० |
| १३ | अध्यक्ष/उपाध्यक्ष विकास कोष | गोबिन्द बर्तोला | ९००००० |
| १४ | सवारी साधन मर्मत खर्च | प्रकाश मान थिङ | ५०००० |
| १५ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा | शारदा वर्तोला | १००००० |
| १६ | लागत सहभागिताका योजनाहरु ६०/४० | बिमला स्याङ्बो | ६४०००० |
| १७ | बालश्रमिकको पारिवारको लागि आयआर्जन सहयोग कार्यक्रम | सुमित्रा राना | १८०००० |
| १८ | वित्तिय साक्षरता कार्यक्रम | लिला आचार्य | ४०००० |
| १९ | पशु सेवा प्रचार | कृष्ण भट्टराई | १८०००० |
| २० | लेखा तालिम | शिव रिजाल | ५०००० |
| २१ | गाईभैसि सुत्केरी भत्ता | हर्जि कठायत | १५०००० |
| २२ | जेष्ठ नागरिक भ्रमण | चन्द्रकला लामा | १६८००० |
| २३ | महिला भ्रमण | मुना थोकर | २५०००० |
| २४ | जेष्ठ नागरिक कपडा वितरण | मुना थोकर | १२५०००० |
| कुल जम्मा | | | ११११०९००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | १,११,०९,००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मनहरी गाउँपालिका, मकवानपुर , मनहरी गाउँपालिका , मकवानपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मोहन कुमार श्रेष्ठ | २०७८-८-१५ | २०८०-४-१ |
| कार्यालय प्रमुख | ramesh subedi | २०८०-४-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | rajendra bhattarai | २०८०-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७,१५५,५१२.६६ | १२,६९३,२९७ | १६,२३१,८३२ | ० | ० | ११,२३४,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ४७,३१४,६४१.६६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्योट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १३,८६६,९४७ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३३,४४७,६९४.६६ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३१८५४०००७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४७४२३९२९७ | चालु खर्च | ४३०१४९६८८ |
| प्रदेश सरकारबाट अनुदान | ५८०९८८७९ | पूँजीगत खर्च | ३६९४७४७३२ |
| राजश्व बाँडफाँट | २४९४६०४७८ | वित्तीय/अन्य व्यवस्था | १५९२७४६५७ |
| आन्तरिक आय | ३१६५३२५१ | | |
| अन्य आय | ११६६७८९२ | | |
| कुल आय | ८२५११९७९७ | कुल खर्च | ९५८८९९०७७ |
| बाँकी मौज्दात | | १८४७६०७२७ | |

## अनुसूची - २

## बेरूजु दफा ६ सँग सम्बन्धित विवरण - अनुसूची - ३

## बेरूजु दफा ९३ सँग सम्बन्धित विवरण - अनुसूची - ४

| ठेक्का नं | निर्माण व्यवसायी | योजना | सम्झौता | प्रोग्राम अपडेट | प्रोग्राम अपडेट दिन | हालसम्मको भुक्तानी | सम्पन्न गर्नुपर्ने मिति | प्रगती | म्याद थप पटक | म्याद थप महिना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| BRIDGE/NCB/MAN-39-2076/77 | M/S Bhairab-Narayanam - Gyanesh J/V | Construction of Pre-stressed Single-span Bridge (1x35m Span) at Handikhola | ५३५५११५२६ | २१ | ५००००० | ३३७२६०८४ | ०८/१९/२०७९ | निर्माणधिन अवस्थामा | ४ | २५ |
| BRIDGE/NCB/MAN-36-2076/077 | HIRACHAN-BANIYA J/V | Construction of Pre-stressed Multi-span Bridge (3x30m Span) at Thadokhola | ८६७०५२२९ | २१ | ५००००० | ८६५५९८५८ | ०३/०७/२०८० | निर्माणधिन अवस्थामा | २ | १५ |
| BLDG/NCB/MAN-13-2077/78 | वुद्ध शिवको पुष्पाञ्जली जे भि | १५ वेडको अस्पताल | १०१५२११४३ | ३० | १००००० | २०४३७४०४ | ०४/२६/२०८० | निर्माणधिन अवस्थामा | २ | २२ |
| UGR/NCB/MAN-01/080-81 | डी एंड जी एस आर जेभी | ज्यामिरे केरा बारी सडक निर्माण | १५६७१४११ | १५ | ३०००० | ८०८७१८४ | ०१/३०/२०८० | निर्माणधिन अवस्थामा | ३ | १३ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्ने तथा सो को विवरण सार्वजनिकरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको, बचत-क्रण कारोवारको अवस्था सुनिश्चित गर्नुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- कर्मचारीको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषमा रकम खर्च गर्दा नियमानुसार गर्नुपर्ने योगदान सुनिश्चितता हुनुपर्दछ ।
- भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, सामयिक प्रतिवेदन नदिने र प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन समेत नभएकोले आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन र व्यवस्थापन सर्वेक्षणका आधारमा पदपूर्ति गर्ने र सेवा करारबाट लिइने कर्मचारीको व्यवस्थापन गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक निर्माण कार्यको सामाजिक परीक्षण गर्नुपर्दछ।

- पालिकाले सबै आर्थिक कारोबार सूत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गरी स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।
- आय व्ययको अनुमानमा कार्यक्रम एकिन गरी वजेट विनियोजन गर्ने, अवण्डा वजेट नराख्ने साथै रकमान्तरको हकमा समय र रकमको सिमाभित्र रहेर वजेट कार्यान्वयन गर्नुपर्दछ ।
- नदिजन्य पदार्थको समयमा ठेक्का व्यवस्थापन गरी आय वृद्धि गर्नेतर्फ प्राथमिकता दिनुपर्दछ ।
- सुरक्षित नागरिक आवास कार्यक्रमको लागी पर्याप्त वजेट तथा भुक्तानीको किस्तामा भौतिक प्रगति मापन गरी सम्झौताअनुसारको सामयिक किस्ता भुक्तानी हुनुपर्दछ ।
- अनुगमन कार्यलाई कार्यक्रम कार्यान्वयनसँग सम्वन्धित शाखामा केन्द्रित गरेर औचित्य विश्लेषण गरेर मात्र अनुगमनको दायित्व भुक्तानी हुनुपर्दछ ।
- पालिकामा निर्माणाधीन संरचना समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।
- स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धि ऐन २०७५ को परिधिभित्र रहेर ईन्धन, अनुगमन भत्ता, भ्रमण खर्च लगायतका सुविधा भुक्तानी गरी खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।